# अब मण्डलीहरुको थालनी !



# अब मण्डलीहरुको थालनी !



Patrick O'Connor, editor.
From materials by Galen Currah and Patrick O'Connor

Start Churches Now © Galen Currah 2010
http://www.startachurchnow.com/
Please also see: *Reproducible Pastoral Training* (William Carey Library, 2006), by Patrick O'Connor for amplified details of these principles.

Code Date: Start a Churches Now = BEST VERSION Preeti = 9-28-2011 + नेपाली.docx

## सिद्धान्तहरु **Principles**

1. **सानो सोंचाई** Think Small.
2. **अत्यावश्यकताको आधारमा सेवा** Minister with Urgency.
3. **बाइबलीय** Keep it Biblical.
4. **सरल** Keep it Simple.
5. **आज्ञाकारी** Keep it Obedience-oriented.
6. **अगुवा निर्माण** Train Leaders.
7. **वृद्धिको अपेक्षा** Expect Reproduction.
8. **बाधा–अड्चन प्रति सजकता** Watch Out for Obstacles!
9. **तपाईको लक्ष्यलाई स्मरण गर्नु** Remember Your Focus.
10. **परामर्शको लागि "तालिका" प्रयोग गर्नु** Use a "Menu," as you Mentor



# परिशिष्ट Appendices

- “एकअर्कालाई” आज्ञाबारे नयाँ करारको जाँच सूची !
- “खरायो” मण्डली र “हात्ती” मण्डली !
- ब्वाँसाहरुबाट सुरक्षाको लागि जानकारी !
- येशू- प्रभु र नियन्त्रक, तपाई होईन !
- आत्मिकी हातहतियारबारे जाँच तालिका !
- “श्रीमान परम्परा” र उनको प्रतिक्रियाहरु !
- मण्डली स्थापनाका चार नमूनाहरू !
- आराधनामा सरलता !
- नयाँ अगुवाहरुलाई परामर्शको लागि थप जानकारी !
- चेलापनको लागि थप जानकारी !
- कथाहरु र लघु नाटक !
- लघुनाटकको लागि थप जानकारी !
- क्षेत्रीय मण्डली स्थपना सहजकर्ता नियुक्तिको लागि थप जानकारी

# सिद्धान्त नं. १ – सानो नै विचार गरौँ Think small

## सानो मण्डलीनै राम्रो ......A little church can better. . .

उत्तरित प्रार्थना, प्रभुको टेबल, साक्षी, क्षमा पाएको पाप, पवित्र आत्माको भरिपूर्णताको माध्यमद्वारा येशूको वास्तविक उपस्थितिको अनुभव गर्नुहोस्.

एक आर्काको आत्मिकी बरदानबाट हरेक विशावासीले एकार्काको सेवा गरुन. कुनै बरदानले परमेश्वरको आत्मा बाट एकार्कालाई उत्साहको वचन बोल्न सहयोग गर्दछ; त अरुलाई एकार्काको व्यवहारिक सेवा गर्न सहयोग गर्दछ.

एकार्काको सेवा, शिक्षा, सहयोग, परामर्श, उत्साह आदिद्वारा घनिष्ट समुदायमा शर्तरहित प्रेमको वातावरण  बनाउनुहोस् .

बाइबल बाट सिकाउदै, एकार्काको लागि प्रार्थना गर्दै, गल्तीमा क्षमा दिदै, गल्तिमा पश्चाताप गर्दै एक अर्कामा चरित्र रूपांतरण र आसा उत्पन्न गर्न मद्दत गर्नुहोस्. यी कुराहरुको लागि तपाईको झुण्डलाई "टिकटिक सुची" बनाउनुहोस् .

येशूको नाममा परमेश्वरसंग प्रार्थनागर्दै र शैतानको झूठ र लोभको विरोध गर्दै, अन्धकार र परिक्षा माथि अधिकारको दावा गर्नुहोस् .

एक आर्कामा सहमत भई विश्वासमा परमेश्वरसंग प्रार्थना गर्दै उहाँको प्रतिज्ञालाई सत्य साबित गरौं. ठुलो मण्डलीमा प्रार्थना गर्दा कसै कसैलाई घनिष्टताको अनुभव नहुन सक्छ .

येशूमा आज्ञाकारी हुदै पहिलो शताब्दिका बिश्वसीहरुले अनुभव गरे जस्तै अलौकिक शाक्तिको अपेक्षा गर्नुहोस् . अरुहरुको जीवनमा पनि यस्तै व्यवहारिक कामको अपेक्षा गर्नु होस् .

मिलेर येशूको सेवा गर्दै गर्दा आफ्नो संस्कृति पहिचान र मूल्य मान्यतालाई ख्याल राख्नुहोस्.

मण्डली सानो रुपमा, बिना तडक-भाडक, प्राय: स्थान सर्दै, आफ्नै संस्कृतिक समूह भित्र रही राजनैतिक र धार्मिक द्वन्दबाट बच्नुहोस् |

## सानो मण्डली यी कुराहरुबाट बच्नु पर्छ .....A little church can better avoid . . .

<u>आल्छि लाग्दो चर्च सेवाहरु</u> | सानो मण्डलीमा जम्मा हुँदा जहाँ सबैले सबैलाई भेट्न, कुराकानी गर्न, स्वागत र दया देखाउन सक्छन |

<u>धार्मिक भेदभाव</u> | कुनै पनि धार्मिक र सास्कृतिक पृष्ठभूमिका मानिसहरुले सानो मण्डलीहरुमा येशूलाई आराधना गर्न पाउनुपर्छ | तपाईको साथीहरु, परिवार र छिमेकीहरु बिना संकोच मण्डलीमा आउनु सक्ने हुनुपर्छ |

<u>निष्क्रिय हेराई र सुनाई</u> | तिनीहरुले चाहेमा सानो मण्डलीमा हरेकले सक्रिय रुपमा भाग लिन पाउनु पर्छ |

<u>अप्रासंगिक वचनहरु</u> | साना मण्डलीका अगुवाहरु हाम्रै आफ्नै संगीहरू हुन् | हामी स्वतन्त्र रुपमा कुनै पनि कुराहरु गर्न सक्छौ जुन उपयोगी र उत्साहजनक छन् | यसको साथै, कहिले काहिँ विदेशी पहचान सन्दर्भमा कुराकानी गर्न सक्छौ यदि कोहि अगुवाहरु बाह्य देश तथा संस्कृतिबाट आएका छन्, सेवा गर्ने प्रथामा भिन्नता छ भने |

<u>महँगो भवन, सर सामग्री र सेवक सेविकाहरु</u> | सानो नयाँ मण्डलीमा कत्तिपनि पैसा खर्च हुदैन, त्यसकारण मण्डलीमा जम्मा भएको हाम्रो पैसा गरीब र खाचोंमा परेका मनिसहरुको लागि प्रयोग गर्न सक्छौ |

<u>ईश्वर शास्त्रीय विवाद</u> | सानो मण्डलीमा हामी येशूको शिक्षा सिक्छौं र नयाँ करारको ससानो कुराहरुमा विवाद नगरिकन पछ्याउछौ |

<u>सत्य र यी सबै वास्तविकताको बारेमा हाम्रो शंका</u> | येशूले सिकाउनु भएको कुराहरुको अनुभव गर्नाले हामीलाई बलियो आशा दिन्छ |

<u>सतावटको घडीमा अनावश्यक दृष्यता</u> | सक्छौ भने सतावट र परिक्षा बाट भाग भनि येशूले भन्नुभयो | हल्ला खल्ला नगर, मण्डली बाहिरको गतिविधिहरु कम गर, र कुनै विज्ञप्ति र सार्वजनिक संकेत नराख.

धर्मशास्त्रमा उपरोक्त अवधारणाहरु को तुलना गर्नुहोस् : के यी बाइबलीय र अनुकरणीय छन्?

साना झुन्ड्का अगुवाहरुले कसरी यी कुराहरु व्यवहारमा लागूगर्न सक्लान ? कहिले, कहाँ र कोसँग ?

अरुहरुलाई यी कुराहरु व्यवहारमा लागूगर्न कसरी तपाईले तालिम दिन सक्नुहुन्छ ?

उपरोक्त निर्देशित सामग्री, व्यवहारिक योजना, र यसको सम्भावित प्रभावको बारेमा आफ्नो शब्द संक्षिप्त रुपमा लेख्नुहोस्

# शिद्धान्त # २ **अत्यावश्यकताको आधारमा सेवा**

## तपाईको लागि नयाँ मण्डली सुरु गर्न किन अति जरुरी छ?

परम्परागत मण्डली शुरु गर्न र सुचारू राखिराख्न धेरै खर्चिलो हुनेगर्छ| जहाँ हजारौं मानिसहरु येशूमा विश्वास गर्दै छन् भने त्यहाँ सैयौ नयाँ मण्डलीहरू शुरु गर्नु आवश्यक हुन्छ | धेरै विश्वासीहरुले ठुला मण्डलीमा जान धेरै खर्च गर्न नसक्ने हुन् सक्छन, वा उनीहरुले आफ्नो पैसा गरीब र खाँचोमा परेकाहरुलाई सहयोग गर्न ईच्छुक हुन् सक्छन |

झूठा शिक्षा र दर्शन तिब्र गतिमा फैली रहेको छ, र हामी संग भएका मण्डलीहरू पर्याप्त छैनन् | समाजमा हाम्रो काम उनीहरुलाई नियन्त्रण गर्नु र धर्म दमन गर्नु होईन, तर समाजलाई विश्वास र प्रेमले भर्नु हो | यो कार्य गर्नको लागि हामीले धेरै साना मण्डलीहरू स्थापना गर्ने कार्य जारी राख्नु पर्छ |

धेरै विश्वासीहरुले ठुला मण्डलीहरूमा जान छाडिरहेका हुन्छन र जस्लाई कुनै मण्डलीमा डोर्याउनु पर्ने हुन्छ | धेरै प्रसिद्ध मण्डलीका अगुवाहरुले आफ्नो विश्वास गुमाएका वा परमेश्वरको आज्ञा उलंघन गरेका हुन् सक्छन | अरुले आफ्नो ठुलो मण्डली चाखपूर्ण बनाउन नसकेका हुन् सक्छन वा उपयोगी नहुन सक्छ | हाम्रो सानो मण्डलीका विश्वसीहरुलाई ख्रीष्टको आज्ञाकारितामा बढ्ने वातावरण सिर्जना गर्नुपर्ने हुन्छ |

गैर विश्वासीहरु ठुला मण्डलीमा आउन संकोच मान्न सक्छन, तर सानो मण्डलीमा आउन त्यस्तो नलाग्न सक्छ | कैयौ ठाउँमा पत्रकारहरु र झूठा धार्मिक अगुवाहरुले चर्चलाई सारै बदनाम गरेका हुनसक्छन | तर हाम्रो सानो मण्डलीमा विश्वसीहरुलाई येशूको सत्यता सिक्ने र वृद्धिहुने अवशर प्रदान गर्नु पर्छ |

पुराना मण्डलीमा नयाँ विश्वासिहरुलाई हुर्किने र बढ्ने मौका नहुन सक्छ | ठुला मण्डलीमा धेरै नयाँ विश्वसीहरुलाइई बस्ने पर्याप्त स्थान (कुर्ची), हुर्किनको लागि पर्याप्त शिक्षा वा कक्षा नहुन सक्छ | त्यसकारण यस्ता नयाँ विश्वासीहरुको लागि सानो नयाँ चर्च शुरु गर्न असल हुन्छ |

सार्वजनिक रुपमा बढी देखा पर्ने मण्डलीहरुलाई सरकारले दमन गर्नसक्छ | ति देशहरुमा जहाँ सरकारी धर्म वा अधिनायकवादी राजनीति छ त्यहाँ ठुला मण्डलीलाई वृद्धि हुनबाट रोक लगाईएको हुनसक्छ | त्यसकारण विश्वासीहरुले थुप्रै साना मण्डलीहरू शुरुगर्नु अति असल हुन्छ जो सार्वजनिक रुपमा देखिदैन र आवश्यक परेमा सजिलै स्थान परिवर्तन गर्न सकिन्छ |

वास्तवमा नयाँ र साना मण्डलीमा द्रुत गतिमा अगुवाहरु जन्मिन्छन | ठुला मण्डली र बाइबल स्कूलहरुले मात्र आवश्यक पर्याप्त नयाँ खेतालाहरु उत्पादन गर्न सक्दैन | यसको बिपरित, नयाँ र साना मण्डलीहरुले धेरै आगुवाहरु जन्माउन सक्छन जसले अरु नयाँ अगुवाहरु तयार गर्न सक्छन |

अन्य धर्मालम्बीहरुको बिचमा सेवागर्ने येशूका अनुयायीहरुले आफ्नो नयाँ मण्डली सुरु गर्नु आवश्यक हुन्छ | आज आफ्नै समाज भित्र रहेर नै हजारौ मुस्लिम, हिन्दु, बुद्धिष्ट, र आत्मा पूजकहरु येशूका अनुयायी भएका छन् | तिनीहरुले नयाँ सानो मण्डली शुरु गर्न सक्छन |

ठुलाले भन्दा नयाँ साना मण्डलीहरुले धेरै मनिसहरुलाई प्रभुमा ल्याउछन् | साना मण्डलीहरू सजिलै हरेक बर्ष डबल (दुईगुणा) बन्न सक्छन, हरेक साल अझ धेरै जन्माउदै जान सक्छन | नयाँ मण्डलीमा आउने मानिसहरु प्राय: विश्वासी बन्ने गर्छन |

साना मण्डलीहरू बढी रमाईला हुन्छन र छिटो चेला बनाउछन | आमने सामने अरुलाई सुसमाचार सुनाउनु धेरैलाई बढी चाखपूर्ण हुन्छ | साना नयाँ मण्डलीले आफ्ना विश्वासीहरूलाई व्यवहारिक रुपमा येशूलाई प्रेम गर्न र उहाँको आज्ञा पालन गर्न मद्दत गर्छन |

यदि तपाईको सरकारले मण्डलीलाई प्रतिबन्द गर्यो भने, कसरि भूमिगत रुपमा सेवा गर्ने भनि तपाईले थाह गर्नु हुनेछ | जहाँ सरकार र अन्य धर्मालम्बीहरुले येशूका अनुयायीहरुलाई सतावट दिन्छन त्यस्तो देश र ठाउँमा ससाना मण्डलीहरू शुरु गर्नु र आवश्यकता अनुसार एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तर गर्न सकिन्छ |

# शिद्धान्त #३ – बाइबलीय Keep it Biblical

## नयाँ मण्डली शुरु गर्न के आवश्यक छ ? What is required to start a church?

**दर्ता र सरकारमा जानकारी.** कुनै देशमा सबै संघ सस्थाहरुलाई दर्ता गर्नुपर्छ | यदि तपाईको सरकारले दर्ता गर्न ढिलो गर्छ र सतावट दिन्छ भने, मण्डली दर्ता नगर्नुहोस् |

**अभिषिक्त र लाइसेन्स प्राप्त पाष्टर |** नयाँ मण्डलीमा एक वा दुईजना स्वयम सेवक अगुवाहरु भए पुग्छ, पाष्टर चाहिदैन | त्यो अगुवा जसले परमेश्वर, बाइबल, र अरुलाई प्रेम गर्छ, उसले तपाईको सानो मण्डलीलाई आवश्यक पुरै नेतृत्व दिन सक्छ |

**मण्डली भवन.** नयाँ मण्डली प्राय: कुनै एक विश्वासीको घरमा, वा जहाँ मानिसहरुले सजिलो र आरामदायक महसुश गर्छन त्यहाँ शुरु गर्नु राम्रो हुन्छ |



**पुरानो मण्डलीको अनुमति |** आमा मण्डलीबाट आशिषको प्रार्थना बाहेक अरु कुनै अनुमति लीइरख्नु आवश्यक छैन - येशुको “जाउ” भन्ने आज्ञ बाहेक | तपाईलाई आमा मण्डलीले आशिषको प्रार्थना सहित अनुमति दिन्छ भने उनीहरु सगै सम्पर्कमा रही रहनु होस् |

**अर्थ र बजेट.** नयाँ मण्डलीमा धेरै खर्च हुदैन र धेरै रुपैया पैसाको आवश्यक हुदैन | विश्वासीहरुले कहिलेकाही गरीब र आवश्यकतामा परेका हरुलाई सहयोग गर्न सक्छन |



बिभिन्न बरदान भएका विश्वासीहरू जसले अरुहरुलाई मद्दत गर्न सक्छन | तपाईलाई बिभिन्न बरदान भएका मानिसहरूको आवश्यक पर्छ, मण्डलीका हरेक विश्वासीहरूले परमेश्वरको आत्माबाट बिशेष आत्मिक बरदान पाएका हुन्छन र अरुलाई सेवा गर्न सक्षम हुन्छन |

✔ **नयाँ बिश्वासीलाई बप्तिष्म दिनु | येशुले आफ्ना चेलाहरुहरुलाई पश्चाताप गर्ने हरेकलाई बप्तिष्मा दिनु भनि आज्ञा दिनुभयो | हरेक मण्डलीले यो गर्न सक्छ, तपाइको मण्डलीले पनि |** हरेक जसलाई तपाईले बप्तिष्मा दिनुहुन्छ, ति सबै त्यही घडी देखी तपाईको मण्डलीको सदस्य हुन्छन, वा तपाईले उनीहरुलाई सानो नयाँ मण्डली बन्न सहयोग गर्नुहुनेछ |

✔ **प्रभु भोज** | तपाईको मण्डलीमा सबै बिश्वसीहरूलाई सहभागी गराई प्रभु भोज हुनुपर्छ | प्रभु भोज दिनको लागि बिशेष योग्यताको आवश्यक पर्दैन | प्रभुभोज अर्थपूर्ण र शक्तिशाली छ, तर चटकी भने होईन |

✘ **सार्वजनिक सेवा वा मिटिंग |** विश्वासी र साथीभाईहरु सानो समूहमा भेट गर्नु रमाईलो र सुरक्षित हुन्छ | आवश्यकता अनुसार नयाँ समूह शुरु गर्नुहोस | तीन देखि २३ जनाको समूह संख्या राम्रो हुन्छ |

✘ **सिपालु संगीत वादकहरु |** सबै जनालाई सहभागी गराई स्थानीय संस्कृतिक ढाँचामा आराधना गर्नु असल हुन्छ |



✘ **प्रचार गर्नु र वचन सुन्नु |** येशू र उहाको चेलाहरूले पछयाउनको लागि हामीलाई एउटा राम्रो उदाहरण छाड्नु भएको छ | उहाले प्राय: छलफल गर्नुभयो, कथा भन्नुभयो र धर्मशास्त्रबाट सिकाउनु भयो |

✘ **अरुलाई उनीहरुको धर्मबाट परिवर्तन गर्नु |** अन्य धर्मालम्बिहरुले येशूमा विश्वास राख्नु र मण्डली शुरु गर्नु पूर्ण रुमपा बैध छ | येशूमा विश्वास रखनु एउटा नयाँ धर्म होईन तर, यो एउटा नयाँ जीवन हो |

✔ **अरुलाई येशुको अनुयायी हुन् सहयोग गर्नु |** येशूले आफ्ना अनुयायीहरुलाई अरुलाई पनि यस्तै गर्न आज्ञा गर्नुभयो | अरुलाई येशूको सुसमाचार सुनाउनु , पश्चाताप गर्नेलाई बप्तिष्मा दिनु, उहाँका सबै आज्ञाहरु पालन गर्न लगाउनु |



✦✦✦✦✦✦

## सिद्धान्त #४ सरल - Keep it Simple

**नयाँ सानो मण्डली कसरी शुरु गर्ने? How do we start a new little church?**




1. येशूमा प्रार्थना गर्नुहोस | उहाँले तपाईका पाईलाहरुलाई डोर्याउनु हुनेछ | आफ्नो मण्डली स्थापना गर्नको लागि येशूले प्रतिज्ञा गर्नु भएको छ र मण्डलीलाई वृद्धि गर्न आफ्नो आत्मा पठाउनु भएको छ |

2. अनुभवी मण्डली स्थापकलाई तपाईलाई कोच गर्न अनुरोध गर्नुहोस | तपाई जस्तै अरुहरुसंग धेरै अनुभव हुनसक्छ र जसले तपाईलाई सल्लाह र परामर्श दिन सक्छन |

3. साथीहरु, नातेदार, र छर छिमेकीहरूलाई येशूको बारेमा सिक्न आमन्त्रण गर्नुहोस् | प्राय: साना नयाँ मण्डलीहरू एकार्कामा जान पहिचान र विश्वास गर्ने समूहबाट नै शुरु हुन्छ | तपाईले दुई वा तीन जनाबाट शुरु गर्न सक्नु हुनेछ |

4. येशूको जीवन र शिक्षाको समिक्षा गर्नुहोस | हरेकलाई बिशेष गरी येशूको मूल सुसमाचार सिक्न मद्दत गर्नु होस् जसरी प्रेरितहरुले सिकाए | यो उहाँको जीवन कथा हो, आश्चर्यकर्म, मृत्यू, पुनरुत्थान, आगमन आज्ञा, र प्रतिज्ञा | (मूख्य तालिका हेर्नुहोस्)



5. हरेकलाई दुष्टताबाट पश्चाताप गरि पाप क्षमा र अनन्त जीवनको लागि येशूमा बिश्वास गर्न सहयोग गर्ने | जसै मानिसहरू नयाँ विश्वासी बन्छन, उनीहरुको परिवारलाई सुसमाचार सुनाउन मद्दत गर्नुहोस | जसै तिनीहरु तयार हुन्छन, उनीहरुलाई बप्तिष्मा दिनुहोस |



6. सानो समूहमा भेटगर्न ठाउँ र समय निर्क्योल गर्नुहोस | सानो नयाँ मण्डली जहाँ, जुन दिन सबैलाई पायक पर्छ त्यहिँ भेंट गर्न सकिन्छ |

7. येशूको आज्ञाहरू सिक्नु र पालन गर्नु | प्रभुले एकसय भन्दा धेरै आज्ञाहरु दिनु भएको छ | शुरुका विश्वासीहरुले पालना गरेका मूख्य आज्ञाहरू निम्न प्रकार छन्:
    - परमेश्वरलाई आदर गर्नु | (परमप्रभु परमेश्वरलाई आफ्नो सारा हृदयले प्रेम गर्नु )

- एकले आर्कालाई, छिमेकीलाई, गरीब र सत्रुलाई प्रेम देखाउनु |
- पश्चाताप गर्ने र येशूलाई पछ्याउने हरेकलाई बप्तिष्म दिनु |
- प्रभुभोज , मिलेर रोटि भाँच्नु |
- गरीबहरू र प्रभुको सेवा गर्नेहरूलाई उदारता पुर्वक दिनु |
- सबै प्रकारका खाँचोहरुको  येशूको नाउँमा प्रार्थना गर्नु |
- आ-आफ्नो ज्ञान-बरदान अनुसार एकले अर्काको सेवा गर्नु |

## सिद्धान्त # ५ आज्ञाकारी - Keep it Obedience-oriented

साना नयाँ मण्डलीका विश्वासीहरुले एकसाथ भेला हुँदा के गर्छन?
**What do members of a new little church do in their gatherings?**



एकसाथ मिलेर परमेश्वरलाई आराधना गर्नु र येशूलाई आदर गर्नु | प्राय: हरेक प्रकारका क्रियाकलापहरु आराधना हुन् सक्छन | विश्वासीहरुले परमेश्वरमा भजन गाउनु, येशूले उनीहरुको जीवनमा गर्नु भएको काम बताउनु, बाइबलको कथा नाटक गरी देखाउनु, वा आनन्दित भएर नाच्नु आदि. तपाईको संस्कृतिले दिए अनुसार गर्नुहोस् |

बाइबल पढ्नुहोस् | बाइबलको कुनै खण्ड पढ्नु होस् र सबैलाई यसमा छल फल गर्न लगाउनुहोस् बिशेष गरि नयाँ करारको कुनै एक सुसमाचारको पुस्तक | बच्चाहरु र ठुलाहरुलाई पनि बाइबलको कथाहरु नाटक गरी देखाउन लगाउनु होस् | मण्डलीका विश्वासीहरुले वाचन कति पनला गर्छन भनि विचार गर्नु होस् |

येशूको नाममा प्रार्थना गर्नुहोस् | हरेक विश्वासीहरुको घटीकमी र खाँचोको लागी परमेश्वरमा प्रार्थना गर्नुहोस् | उनीहरुलाई सहायता गर्नु भएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस | बिरामीहरु निको होउन् भनि, पिडितहरुले छुटकारा पाउन भनि, आवश्यकतामा भएकाहरुलाई परमेश्वरबाट सहायता पाउन भनि, धेरै परिवारहरु परमेश्वरमा आउन भनि प्रार्थना गर्नुहोस् |



प्रभुभोज मनाउनु होस् | येशूको क्रुशमा झुन्डिएको शरीरको सम्झनामा रोटि भाँच्दै र हाम्रो पाप मोचनको लागि उहाँले बगाउनु भएको रगतको सम्झनामा केही पिउनु होस् | प्रभुभोज प्राय: हरेक महिनामा सबै विश्वासी हरुलाई सहभागी गाराई गर्नुहोस |

घटीकमि र खाँचोमा एक आर्कामा बाढ्नुहोस् | हरेकलाई येशू र परमेश्वरको बारेमा बोल्न लगाउनु होस् | एक अर्कालाई उत्साह दिन लगाउनु होस् | एक अर्कालाई व्यवहारिक रुपमा सेवा गर्न लगाउनु होस् | गरीब र खाँचोमा परेकालाई रुपैया पैसा सहयोग लगाउनु होस् |



खेतालाहरूलाई पठाउनु होस् | येशुको बरेम सिक्न र सिकाउन चाहने हरुलाई नियुक्ति गरि पठाउनु होस् | उनीहरुलाई साना नयाँ मण्डलीहरू शुरु गर्न र यी सबै कुराहरु गर्न सशक्तिकरण गर्नु होस् | उनी फर्के पछी उनिहरुको प्रतिबेदन सुन्नुहोस् | अरुहरुलाई पनि यस्तै गर्न सिकाउन उनीहरुलाई लगाउनु होस् |

अद्वितीय सहयोगको लागि परमेश्वरमा प्रार्थना गर्नुहोस् | परमेश्वेरले गरे जस्तै अरुलाई सहयोग गरि येशूलाई आदर दिन उहाँमा प्रार्थना गर्नुहोस् | दुष्ट मानिसहरू धार्मिकतामा रुपान्तरण होउन भनि प्रार्थना गर्नुहोस् | परमेश्वोरलाई, बिरामी निको पार्न, पिडितलाई छुटकारा दिन दिनुहोस |आफुले सक्ने भन्दा अझै धेरै सेवा र काम गर्नको लागि उहाँलाई मौका दिनुहोस् |

✦✦✦✦✦✦

# सिद्धान्त # ६ – अगुवा निमार्ण  Train Leaders

## नयाँ साना मण्डलीको लागि अगुवाहरु कसरी निर्माण गर्ने ?
## How to raise up leaders for new little churches?

✓ गोठालाको पहिचान **Recognize shepherds.**



जसै तपाईको मण्डली भैंला हुन शुरुगर्छ, ती सदस्यहरुको विचार गर्नुहोस जसले अरुहरुलाई सक्रिय रुमपा सहभागी हुन् मद्दत गर्छन | यदि तिनीहरु अगुवा हुन् चाहन्छन भने, उनीहरुलाई अरु कुनै दिन कोच (सिकाउन) शुरु गर्नुहोस् र अर्को भेला नेतृत्व गर्न लगाउनु होस् |

✓ गोठालाहरुलाई परामर्श **Mentor shepherds.**

जब कोहि अगुवाहरु अरुहरुलाई येशूको बारेमा सिक्न मानिसहरुलाई भेला गर्न शुरु गर्छन, उनीहरुलाई सिकाउनको लागि व्यवस्था मिलाउनु होस् | उनीहरुलाई अगुवा वा गोठाला भनि सम्बोधन गर्नुहोस्, पाष्टर वा एल्डर भनि सम्बोधन नगर्नुहोस्

✓ गोठालाहरुलाई सुन्नु **Listen to shepherds.**

हरेक पटक ति अगुवाहरुलाई भेट्दा उनीहरुको सानो मण्डली बारे प्रतिवेदन र के कस्तो गर्दै छन् भनि ध्यानसंग सुन्नुहोस्, उनीहरुको खाँचो र अवशरहरु | येशूले पनि यस्तै गर्नुभयो | (मर्कुश ६:३०)

✓ गोठालाहरुलाई तालिम **Train shepherds.**

हरेक अगुवाहरुलाई सिकाउनको लागि नयाँ नियमबाट पाठ कसरी तयारी गर्ने, कसरी लिडिंग गर्ने, र अरुलाई येशूमा कसरी ल्याउने भन्नेबारे सिकाउनु होस् |

✓ गोठालाहरुसंग प्रार्थना **Pray with shepherds.**



मण्डलीका अगुवा, सदस्यहरुको लागि परमेश्वरमा प्रार्थना गर्नुहोस ताकी उहाँले तिनीहरुको जीवनलाई रुपान्तरण गरी येशू जस्तै बनाउनु भएको होस् | र धैरै अगुवाहरु जन्माउनु भएको होस् |

- ✓ गोठालाहरुलाई सशक्तिकरण **Empower shepherds.**

नव गोठालाहरुलाई अरु नयाँ मण्डलीको लागि थप अगुवाहरुलाई सिकाउन सशक्तिकरण गर्नुहोस् , जसरी नयाँ नियममा प्रेरितहरुले गरे | २ तिमोथी २:१-२

- ✓ गोठालाहरुलाई “एल्डर” नामाकरण

नयाँ नियमको योग्यता पुरा भएपछि अगुवाहरुलाई मण्डलीको सामु हात राखेर पाष्टर वा एल्डरको रुपमा अभिषेक गर्नुहोस |

- ✓ एल्डरहरुलाई शिक्षा

समय समयमा एल्डर अगुवाहरुलाई तालिम र सेमिनारको आयोजना गर्नुहोस् | उनीहरुलाई आवश्यकता भएको समयमा तपाईलाई सधै उपलब्ध गराउनुहोस् |

# सिद्धान्त #७ - वृद्धिको अपेक्षा Expect Reproduction

कसरी तपाईको मण्डली बढ्दै, बढ्दै, अझै बढ्दै, वृद्धि हुदै जान सक्छ ?



येशूको आज्ञाहरु पालन गरेर | परमेश्वरले ती मण्डलीहरुमा नयाँ मानिसहरु ल्याउनु हुन्छ जहाँ येशू मसिहको आज्ञ पालना गरिन्छ | चेलाहरु ति मानिसहरु हुन जसले प्रेमसंग येशूको आज्ञाहरु पालना गर्दा छन् | हेर्नुहोस मत्ती २८:१८-२० र प्रेरित २:३७-४७

मण्डलीका सबै सदस्यहरु स्वतन्त्र रुपमा सहभागी भएका छन् छैनन भनि सुनिश्चित हुनुहोस| जहाँ सबै विश्वासीहरु एकार्कामा येशुको बारेमा कुरा गर्छन त्यहाँ आएका गैर ईसाईहरु हामी पापी छौं भनि मानि लिन्छन | हेर्नुहोस कोरिन्थी १४:३, २४-२६

साना नयाँ मण्डलीका विश्वासीहरूलाई उनीहरु फलदायी होउन, नयाँ मण्डली शुरु गरून र अगुवाहरु निमार्ण गरुन भनि परमेश्वरमा प्रार्थना गर्नुहोस् | हरेक जीवित मण्डलीमा वृद्धि हुने कुरा सामान्य हो भनि सिकाउनु होस् |

यदि संकोच मान्दैनन भने सदस्यहरुलाई मण्डलीमा आफ्ना साथीभाई र नातेदारहरुलाई आमन्त्रण गर्न लगाउनु होस् | सानो मण्डलीको सदस्य संख्या बढ्दै गई धेरै भएमा, अर्को सानो मण्डली शुरु गर्न कुनै ईच्छुक अगुवालाई अवसर दिनुहोस |

मूल सुसमाचार लाई विचार गर्नुहोस् र मानिसहरुलाई बेला बेलामा पश्चाताप र येशूमा भरोसा राख्न सिकाउनु होस् | सुसमाचार सुनेर मात्र सबै मानिसहरु पश्चाताप र विश्वासमा आउने गर्छन | हेर्नुहोस लुका २४: ४५-४९ र रोमी १०:१४-१५

अरुहरु येशूमा विश्वास गरुन भनि प्रार्थना गर्नुहोस | सम्भव भए, दुई वा तीनजना विश्वासीहरू परमेश्वरको कृपा उहाँलाई विश्वास नगर्ने मानिसहरुमा माथि परोस भन्दै मनमनै प्रार्थना गर्दै शहर परिक्रमा गर्न लगाउनु होस् | चाह राख्ने सबैलाई तिनीहरुले सुसमाचार सुनाउन भनि प्रार्थना गर्नुहोस् |

मण्डलीमा लिडिंग गर्न अरुलाई पनि पालो दिनुहोस् | अरुहरु पनि राम्रा अगुवाहरु बन्न सकुन भनि प्रार्थना गर्नुहोस् | जब तिनीहरु तयार हुन्छन्, उनीहरुसंग मिलेर सेवा गर्न चाहने विश्वासीहरुसंग मिलेर मण्डली शुरु गर्न लगाउनु होस् |

नयाँ सानो मण्डली नयाँ विश्वासीको घरमा शुरु गर्नुहोस् | स्थानीय विश्वसिहरुलाई नै लिडिंग गर्न र आफ्न साथी भाई र घरानालाई येशूको बारेमा सिकाउन लगाउनु होस् | उनीहरुलाई छुट्टै कोच वा सिकाउनु होस् र आफ्न साथी भाई र परिवार सामु सिकाउन लगाउनु होस् |

सम्पूर्ण सदस्यहरुलाई नै कसरी मण्डली शुरु गर्ने सिकाउनु होस् | जब मण्डलीका कुनै सदस्यहरू काम, पढाई, विवाह आदि को शिलशिलामा जहाँ जान्छन त्यही कसरी मण्डली शुरु गर्ने भनि तिनीहरुले जानेका होउन् | यदि सक्नु हुन्छ भने उनीहरुलाई परामर्श गर्न प्रतिज्ञा जाहेर गर्नु होस् |

अगुवाहरुको लहर तयार गर्नुहोस् ताकी तिनीहरुले नयाँ अगुवाहरुलाई तालिम दिन सकून | अगुवाहरु जुन गतिमा तयार हुन्छन त्यो भन्दा छिटो गतिमा तपाईले सानो मण्डली शुरु गर्न सक्नु हुन्न | केहि अगुवाहरुलाई सिकाउन र परामर्श गर्न शुरु गर्नुहोस् उनीहरुलाई पनि अरु केहि अगुवाहरुलाई तालिम दिन लगाउनु होस् | थप नयाँ मण्डलीहरु शुरु गर्दै यस प्रक्रियालाई जारी राख्नुहोस् |

परम्परागत मण्डलीलाई थुप्रै साना मण्डलीहरू बनाउन सहयोग गर्नुहोस् | केहि ठुला मण्डलीहरुले साना मण्डलीहरू शुरु गर्न चाह गर्न सक्छन र सोको लागि तपाईसंग सहयोग माग्न सक्छन |

नयाँ मण्डली शुरु गर्न चाहने सेवक सेविकहरुको लागि तालिम सेमिनारको आयोजना गर्नुहोस | उनीहरुलाई आफै एउटा अस्थायी सानो मण्डली शुरु गर्न लगाउनुहोस ताकी उनीहरुले पनि अरुलाई यस्तै सिकाउन सकून |

# सिद्धान्त# ८ बाधा–अड्चन प्रति सजकता Watch Out for Obstacles!

## घरेलु मण्डलीहरुलाई आइपर्ने जोखिमहरु के के होलान?



केहि ठुला मण्डलीका अगुवाहरुले तपाई र तपाईको सानो मण्डलीलाई तिरस्कार गर्न सक्छन | यदि तिनीहरुले सोधेको खण्डमा तपाइले सानो मण्डली किन शुरु गर्नु भयो र कसरी मण्डलीले येशूको आज्ञाहरु पालनागर्न प्रयन्तशिल छ भनि बताई दिनुहोस् | कतिवटा साना मण्डलीहरु केहि महिना मात्र टिक्दछ | कोही सदस्यहरू ठुला मण्डलीमा जान र कसैले आफै अर्को सानो मण्डली शुरु गर्न चाहाना गर्छन भने, सो गर्न दिनुहोस |

साना मण्डलीहरुले अगुवालाई आर्थिक सहायता गर्न असमर्थ हुन्छन | त्यसकारण ति अगुवाहरुले अर्थ आर्जनको लागि अन्य रोजगारी गर्नु पर्दछ |

कसैले सानो मण्डलीलाई नियन्त्रण गर्न कोशिश गर्लान | "ब्वाँसाहरु" ति हुन् जसले आफुले नयाँ मण्डली शुरु गर्दैनन र अरुले पनि उसैलाई पछ्याएको उनीहरु चाहन्छन | यस्ता ब्वाँसाहरुलाई हाम्रो सानो नयाँ मण्डलीमा नआऊ भनि भन्नु पर्छ | यदि तिनीहरु अर्को सानो नयाँ मण्डली शुरु गर्न चाहन्छन भने, उनीहरुलाई परामर्श दिनुहोस |

कसैले सानो  मण्डलीलाई असत्य र असन्तुलित कुरा सिकाउन कोशिस गर्लान | नयाँ मण्डली लाई नयाँ करार नी उनीहरुलो माप बनाउन सहयोग गर्नु होस् र सदस्यहरुलाई नयाँ करार अनुसार ति विचारहरुको जाँच गर्न लगाउनुहोस्. येशूले आफ्ना चेलाहरुलाई भन्नु भयो " मेरा वचनमा रहीरहो"

कहिले साना मण्डलीमा आफुमात्रै शिक्षक बन्न चाह गर्न सक्छन | शुरु देखिने सबैलाई सबैसंग बोल्न लगाउनु होस् | उनीहरु लाई एक-अर्काको "आत्मिकी बरदान" पहिचान गर्न सिकाउनुहोस् | मण्डलीका सदस्यहरु कोहि पनि निष्क्रिय श्रोतामात्र नबनून |

सरकारी अधिकारीहरुले तपाईको मण्डलीलाई बन्दगर्न खोज्लान, र  उनीहरुले तपाईलाई पक्रिन पनि सक्छन |  कुनै जोखिमपूर्ण क्षेत्रमा जसले मण्डलीहरु शुरु गर्छन, येशूमा आज्ञाकारी हुनको लागि पनि कानूनलाई तोड्नु पर्ने हुन्छ यधपी सुरक्षा भन्दा येशूलाई पालना गर्नु महत्वपूर्ण छ | येशूमा आज्ञाकारी हुन् बाहेक कहिल्यै नियम-कानूनको उलंग्घन नगर्नुहोला |

येशूका अनुयायीहरुलाई बिरोधगर्ने समाज प्रति कस्तो प्रतिक्रिया गर्ने ?

आफ्नै सस्कृतिमा रहनुहोस् | आफ्नो समाज सुहाउदो पहिरन लगाउनुहोस्, नाम राख्नुहोस्, खाना खानुहोस्, अभिवादन गर्नुहोस, र समाजको चाड-पर्व र बिदालाई आदर गर्नुहोस |

अविवादास्पद प्रकारले आराधना गर्नुहोस | तपाईको समाजमा भएका सबै धर्महरूका असल कुरालाई आफ्नो विवेकले भ्याएसम्म उपयोग गर्नुहोस | आराधनामा बिदेशी तौर तरिका नअपनाउनुहोस् | येशुले उहाँलाई आदर हुने आराधनाका तरिकाहरु स्वीकार गर्नु हुन्छ |

तपाईको सानो नयाँ मण्डलीको आराधना क्रियाकलापहरु नयाँ करारको मण्डलीमा सिकाए जस्तै कुराहरुमा सिमित रहुन | यसले येशुको शिक्षा, उहाँको नाउँमा प्रार्थना, रोटि भाँच्नु, एक अर्कालाई सहयोग गर्नु  आदिलाई समेट्छ | प्रेरित २:४२ हेर्नुहोस |

तपाइको समाजको ती प्रश्नहरु र आवश्यकताहरुको प्रत्युतर र तपाईको संस्कृतिक मूल्य र मान्यता जसलाई  येशूले अनुमति दिनुहुन्छ सोको नयाँ करारमा खोजी गर्नुहोस् |

तपाईको समाजका हजारौ र लाखौ मानिसहरु येशूका आनुयायी बनुन भनि प्रार्थना गर्नुहोस्, यधपी उनीहरु केहि समय आफ्ना माता-पिताको धर्मको अधिनमा रहेका हुन् |

भरसक विदेशीहरुलाई तपाईको आराधना सेवामा सम्मिलित हुन् न दिनुहोस् | साधारणतया, बाहिरकहरुलाई तपाईको नयाँ मण्डलीमा सिकाउन नदिनुहोस् | यदि कुनै विदेशीले तपाई र अरुहरुलाई परामर्श गर्छन भने, उनीहरुले व्यक्तिगत रुपमा गरुन |

आर्थिक सहयोग इन्कार गर्नुहोस् |  कुनै धनि विश्वासी र बिदेशीले रुपैया-पैसा र सामग्री दिएर तपाईको खाँचो पुरा गर्न चाह गर्लान | यदि तपाई आफै आफ्नो लागि कमाउन सक्नुहुन्छ भने, उनीहरुको सहायता स्वीकार नगर्नुहोस् |

आदरणीय स्थानीय अगुवाहरुलाई मात्र अभिषेक गर्नुहोस् | बाहिरकाहरु र बिदेशीहरुलाई सानो नयाँ मण्डली नेतृत्व गर्न न दिनुहोस् | बाहिरकाहरु कोही राम्रा परामर्शदाता र शिक्षक हुन् सक्छन, तर उनीहरुले मण्डलीको नेतृत्व गरे खतरा उत्पन्न हुनसक्छ |

एउटा सक्रिय, गहन आध्यात्मिकताको खोजी गर्नुहोस् | सबैभन्दा माथि, आफ्नो दैनिक कुराकानीमा तपाईको शक्ति तपाईको प्रार्थना, ईमानदारीता, नैतिक व्यवहार, र परमेश्वरलाई सम्मानगर्ने क्षमताबाट प्रकटहोस् |

असल आचरण भएका स्थानीय विश्वासीहरुलाई सशक्तिकरण गर्नुहोस् जो नयाँ मण्डली शुरुगर्न चाहन्छन | पबित्र आत्माले उनीहरुलाई क्षमता र मार्ग दर्शन दिनुहुन्छ भनि बिश्वास राखी उनीहरुको परामर्श गर्नुहोस् |

तपाईको मण्डलीलाई सके जति गोप्य राख्नुहोस् | कहिले कतिबेला तपाईहरु मध्ये कोहि पक्राउ पर्नु र दुख भोग्नु पर्छ सो येशूलाई मात्र छनौट गर्न दिनुहोस् |

तपाईको सानो नयाँ मण्डलीलाई जारी राख्नुहोस्, र प्राय: सेवागर्ने ठाउँ परिवर्तन गरि राख्नुहोस् |  जब आक्रामक अधिकारीहरुले साना मण्डलीहरुलाई दबाउन खोज्छन, अरु मण्डलीले आराधना जारी राख्नु सकून |

कुन क्षेत्रहरुमा तपाईले आफुलाई जोखिममा पाउनु भएको छ ?

## सिद्धान्त # ९ - **तपाईको लक्ष्यलाई स्मरण गर्नु** Remember Your Focus

**येशू र उहाँका चेलाहरुबाट प्राप्त मूल सुसमाचार के हो ?**

"सुसमाचार" येशूको कथा, एक सत्य कथा र ऐतिहासिक तथ्यहरु हुन | अरुलाई येशूका अनुयायी हुन सहायताको लागि अति प्रभावकारी तरिका निम्न तीन कुरामा आधारित छन्:

(क) यो कथालाई कुनै शब्द, गीत, कविता, कला, वा नाटक द्वारा बयान गर्नु |

(ख) येशूको प्रतिज्ञाहरुबारे स्पष्ट हुनु, र

(ग) मानिसहरुलाई येशूको आज्ञा पालन गर्न आमन्त्रण गर्नु |

नयाँ करारको मूल सुसमाचार धर्मशास्त्रको निम्न खण्डमा समेटिएका छन् :

- ✓ लुका २४: ४४-४९ (Luke 24:44-49)
- ✓ प्रेरित २:२२-४० (Acts 2:22-40)
- ✓ प्रेरित ३: १३-२६ (Acts 3:13-26)
- ✓ प्रेरित ५: २९-३२ (Acts 5:29-32)
- ✓ प्रेरित १० ३४-४८ (Acts 10:34-48)
- ✓ प्रेरित १३:२३-४१ (Acts 13:23-41)
- ✓ प्रेरित १७:१-४ (Acts 17:1-4)
- ✓ प्रेरित १७:२२-३१ (Acts 17:22-31)
- ✓ १ कोरिन्थी १५: १-८ (1 Corinthians 15:1-8)

तपाईको काम सांस्कृतिक रूपले स्वीकार्य मीडिया को माध्यमबाट यो कथालाई बयान गर्नु, जुन कुरा स्थानीय मानिसहरूमा अर्थपूर्ण छ त्यसलाई जोड दिनुहोस् | नयाँकरारमा सुसमाचारलाइ पुष्टि गर्न सबैभन्दा प्रमुख खण्ड येशूको मृत्यु र उहाँको पुनरुत्थानसंग सम्बन्धित छ | ति दुई सत्यहरुलाई बिशेष जोड दिनुहोस् |

तपाईले माथिका खण्डहरुका निम्न विवरणहरुलाई समेट्न सक्नुहुनेछ:

- प्राचीन भविष्यवक्ताहरुले भविष्यवाणी गरे कि एकजना आउदै हुनुहुन्छ जसलाई यहुदीहरुले मसिह भनि भन्दथे |

- परमेश्वरले येशूलाई आश्चर्यकर्म गर्ने, शैतानको शक्तिबाट मानिसहरुलाई मुक्त गर्न र उहाँनै मसिह हुनुहुन्छ भनि उनीहरुलाई देखाउनलाई शक्ति प्रदान गर्नुभयो |
- ईर्ष्यालु धार्मिक नेताहरु र राजनीतिक अधिकारिहरुले उहाँलाई एउटा काठको क्रुशमा काँटी ठोकेर झुण्ड्याएर मारे |
- तेस्रो दिन उहाँ शारीरिक रुपमा बौरी उठी चिहानबाट बाहिर आउनु भयो |
- येशू उहाँ जीवित हुनुहुन्छ भनि देखाउन धेरै गवाहिहरुको सामु प्रकट हुनुभयो | उनीहरुलाई यो सुसमाचार जहीं तहीं सुनाउन आज्ञा दिनुभयो |
- पश्चाताप गर्ने हरेकलाई क्षमा दिन र हरेक दुष्टता बाट उनीहरुलाई छुटकारा दिन येशूले प्रतिज्ञा गर्नुभयो |
- हरेक जसले येशूमा विश्वास र आज्ञा पालन गर्छन उनीहरुले परमेश्वरको क्षमादान, उहाँको पबित्रआत्मा, र आनंत जीवन पनि प्राप्त गर्छन |
- येशू स्वर्ग तिर उभों उचालिनु भयो र जहाँ देखि स्वर्ग र पृथ्वीको प्रभुको रुपमा शासन गर्नु हुन्छ |
- येशूले आफ्ना चेलाहरूलाई नयाँ विश्वसीहरुलाई बप्तिष्मा दिन र उहाँका आज्ञाहरु पालना गर्न सिकाउन आदेश दिनुभयो |
- एक दिन येशू यस धर्तीमा फर्किएर आउनु हुनेछ, मरेकाहरुलाई उठाउन, र राजाको रुपमा यस संसारमा सदाको लागि शासन गर्न
- जसै कोहिले पश्चाताप गरि आफ्ना पुराना चालहरुबाट फर्कन्छन र येशूमा बिश्वास राख्दछन् भने येशू र प्रेरितहरुले उनीहरुलाई जे गरे तपाईले पनि सोहि गर्नुहोस्:

  - येशूले आज्ञा गरे जस्तै उनीहरु लाई बप्तिष्मा दिएर उनीहरुको पश्चातापको पुष्टि गर्नुहोस्( मत्ती २८:१८-२०)

  - प्रेरित हरुले गरे झैं, उनीहरुलाई सानो नयाँ मण्डलीमा समावेश गराउनुहोस् (प्रेरित २:४०-४२)

जब परिवार र साथीहरु येशूका अनुयायी हरु हुन्छन, एउटा नयाँ मण्डली शुरु गर्न असल हुन्छ, अरुहरुलाई येशू ख्रीष्टको बारेमा बताउनको लागि निमन्त्रणा गर्न उनीहरुलाई लगाउनु होस् |

# सिद्धान्त # १० परामर्शको लागि “तालिका” प्रयोगगर्नु

## धर्मशास्त्रको तालिकाको उदाहरण के हो ? What is an example of a Scripture Menu?

तलका धर्मशास्त्रको २५ वटा क्रियाकलाप तालिका बारे नव मण्डली स्थापकहरुलाई निर्देशन दिनुहोस | हरेक पटक जब ती सेवकहरूलाई तालिम दिन तपाईले भेट गर्नुहुन्छ, तब क्रियाकलाप तालिकाबाट मण्डलीको तत्कालिन खाँचो पुराहुने किसिमको धर्मशास्त्रको खण्ड छान्नुहोस्, (उदाहरणको लागि-नयाँ सेवक सेविकहरुलाई पठाउनु) | तब सेवक सेविकाहरुलाई तलको धर्मशास्त्रको क्रियाकलाप तालिकामा दाहिने तर्फ दिइएको संख्या अनुसार सिकाउनु होस् (उदाहरणको लागि # १,८,९,१३,१४,२८) जब सिकाई सक्नुहुन्छ, ती संख्याहरुमा “टिक” वा गोलो लगाउनु होस् | यी संख्याहरूले तलका बिषयगत पाठ वा खण्डलाई जनाउछ | हरेक पटक जब तपाई प्रशिक्षार्थीहरुसंग भेट्नुहुन्छ तब, कुनै एक पाठ वा खण्डलाई पुनरावलोकन र व्यवहारमा लागू गर्नुहोस् र त्यसलाई नयाँ मण्डलीमा पनि लागू गर्न योजना बनाउनु होस् |

## मण्डली स्थापनाको लागि बाइबल पद सुची Scripture Menu for Church Planters

१ खेतालाहरुलाई पठाउनु . तल हेर्नुहोस् # १, ८, ९, १३, १४, २८
२ येशू बाट अधिकार प्राप्तगर्नु. तल हेर्नुहोस् # १, ४, ८, ११, १६
३ तलबबिना सेवागर्नु . तल हेर्नुहोस् #१,८,९,१८
४ घर-घरमा जानु . तल हेर्नुहोस् #२, ८ ९, २१
५ शिक्षा दिनु / घोषणा गर्नु . तल हेर्नुहोस् # ३, ८, १०, १५, २२, २३, २५, २६, २८
६ येशूको पुनरुत्थानको घोषणा गर्नु . तल हेर्नुहोस् # १६, १९, २३
७ येशूको क्रुशमा मृत्यूको घोषणा गर्नु . तल हेर्नुहोस् # १६, १९, २३, २७
८ येशूको पराक्रमको घोषणा गर्नु . तल हेर्नुहोस् # ६, १६, २२
९ येशूको आगमनको घोषणा गर्नु # १५, २७, ३०
१० भुतात्मालाई धपाउनु . तल हेर्नुहोस् # १, ८, ११
११ आनन्दित हुनु . तल हेर्नुहोस् # ११, १२, १३
१२ रोगीलाई निको पर्नु . तल हेर्नुहोस् # १, ८, १०, २२,
१३ पबित्रात्मा प्राप्त गर्नु . तल हेर्नुहोस् #३, १४, १५, १७, १९, २३
१४ पश्ताप गर्नु र विश्वास गर्नु. तल हेर्नुहोस् #१७, २३, २५, ३१
१५ नयां बिश्वासीलाई बप्तिष्म दिनु . तल हेर्नुहोस् # ६, १७, २४
१६ परमेश्वर र अरुलाई प्रेम गर्नु . तल हेर्नुहोस् #५, १३, १८

१७ एकले अर्कालाई क्षमा गर्नु . तल हेर्नुहोस् # ४, १७, १९, २३

१८ येशूको नाममा प्रार्थना गर्नु . तल हेर्नुहोस् # ९, १३, १८

१९ प्रभु भोज . तल हेर्नुहोस् # १८, २७

२० चेल्ला बनाउनु . तल हेर्नुहोस् # ६, १८, २५

२१ परमेश्वरमा आज्ञाकारी हुनु. तल हेर्नुहोस् # ५, ६, १२, १३, १९, २६

२२ नयाँ झुण्ड सुरु गर्नु . तल हेर्नुहोस् # ४, १७, १८, २५, ३०

२३ नयाँ अगुवालाई तालिम दिनु . तल हेर्नुहोस् # ६, ११, २८

२४ एल्डर हरुको नियूक्ति गर्नु . तल हेर्नुहोस् # २५, २९, ३०

२५ शत्रुहरुको हेक्का गर्नु . तल हेर्नुहोस् # २, ३, ८, १०, १९, २५, ३१

# अब नयाँ मण्डली थालनीको लागि ३१ वटा व्यवहारिक मण्डली स्थापना बाइबल खण्ड तालिका

## Practical Church Planting “menu” with 31 Bible passages to start new churches now

### १. खेतालाहरुलाई निर्देशन र निर्गमन (पठाउनु) Instruct and Send Workers

1 उहाँले आफ्ना बाह्र चेलाहरूलाई बोलाएर अशुद्ध आत्माहरू निकाल्ने र हरप्रकारका रोग र दुर्बलता निको पार्ने अधिकार तिनीहरूलाई दिनुभयो ......यी बाह्र चेलालाई यसो भनी आज्ञा दिएर पठाउनुभयो, “अन्यजातिहरूका माझमा नजाओ, र सामरीहरूका सहरमा नपस। तर इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ जाओ। ‘स्वर्गको राज्य नजिकै आइपुगेको छ,’ भन्दै प्रचार गर। बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठ-रोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ। तिमीहरू आफ्ना पटुकामा सुन, चाँदी र तामाको सिक्का नबोक, यात्राको निम्ति झोली, दुई वटा दौरा, जुत्ता, लौरो नलेओ। किनभने खेतालाले उसको भोजन पाउनुपर्छ। मत्ती १०:१-१०

### २. शान्ति गृह प्रवेश Enter houses of peace

*यी खण्डहरु मध्ये कुनै एकको दिनहुँ समिक्षा गर्नुहोस जब सम्म तपाईले यसलाई राम्ररी बुझ्नु हुन्न र व्यवहारमा लागू गर्नु हुन्न यसलाई प्रशिक्षार्थीहरुसंग “टिक सुची” वा तालिकाको रुमपा प्रयोग गर्नुहोस् ।*

“जुन सहर कि गाउँमा तिमीहरू पस्छौ, त्यहाँ को योग्य छ भनी खोज, र त्यहाँबाट बिदा नभएसम्म त्यहीं बस। त्यस घरभित्र पस्दा अभिवादन गर। त्यो घर योग्य छ भने, तिमीहरूको शान्ति त्यस घरमा आओस्। तर त्यो योग्य रहेनछ भने, तिमीहरूको शान्ति तिमीहरूमै फर्की आओस्। यदि कसैले तिमीहरूलाई ग्रहण गरेन वा तिमीहरूको वचन सुनेन भने, त्यस घर अथवा सहरबाट निस्कँदा आफ्ना खुट्टाको धुलो टकटक्याइदेओ। साँच्चै, म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा त्यस सहरको दशाभन्दा बरु सदोम र गमोराको हालत बढ़ी सहनीय हुनेछ। मत्ती १०:१०-१५

http://paul-timothy.net/html/scripture_menu.html - menu

### ३. झगडालु मानिसहरू देखि होशियार Beware of hostile authorities

“हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाझैं पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैं चनाखो र ढुकुरझैं निर्दोष होओ। तर मानिसहरूदेखि होशियार होओ, किनभने तिनीहरूले तिमीहरूलाई अदालतहरूमा सुम्पिदिनेछन्, र तिनीहरूका सभाघरहरूमा तिमीहरूलाई कोर्रा लाउनेछन्। तिमीहरू मेरो खातिर हाकिम र शासकहरूका सामुन्ने खड़ा गराइनेछौ र तिनीहरू र अन्यजातिहरूका निम्ति साक्षी हुनेछौ। तर जब तिनीहरूले तिमीहरूलाई पक्राइदिन्छन्, तब कसरी र के बोलौंला भनी फिक्री नगर। किनभने तिमीहरूले के

बोल्नुपर्ने हो, त्यही घड़ी तिमीहरूलाई बताइनेछ। 20 किनभने बोल्ने तिमीहरू आफै हुनेछैनौ, तर तिमीहरूका पिताका आत्मा तिमीहरूद्वारा बोल्नुहुनेछ। मत्ती १०:१५-२०

http://paul-timothy.net/html/scripture_menu.html - menu

४. ईश्वरीय अधिकारको प्रयोग Exercise Godly Authority

“साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। “फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।”तब उहाँकहाँ आएर पत्रुसले भने, “प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?” येशूले तिनलाई भन्नुभयो, “म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट। - मत्ती १८:१८-२२

http://paul-timothy.net/html/scripture_menu.html - menu

5. परमेश्वरलाई प्रेम गर्नु र छिमेकीलाई पनि Love God and Others

उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। 35 तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, “गुरुज्यू, व्यवस्थामा महान्आज्ञा कुन हो?” उहाँले तिनलाई भन्नुभयो, “तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान्र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।” - मत्ती २२:३४-४०

http://paul-timothy.net/html/scripture_menu.html - menu

६. विश्वासीहरूलाई आज्ञापालन गर्न सिकाओ Teach Believers to Obey **Jesus**

ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। तिनीहरूले उहाँलाई देखेर दण्डवत्गरे, तर कतिले चाहिँ शङ्का गरे। तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।” – मत्ती २८:१६-२०

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 7. स्वयम सेवक खेतालाहरू लाई सुसज्जित पार्नु Train Volunteer Workers

7 उहाँले बाह्र जनालाई आफूकहाँ बोलाउनुभयो, र तिनीहरूलाई दुई-दुई गरी पठाउनुभयो। तिनीहरूलाई अशुद्ध आत्माहरूमाथि अधिकार पनि दिनुभयो। 8 तिनीहरूलाई उहाँले यस्तो आज्ञा दिनुभयो: "यात्राको निम्ति साथमा केही नबोक्नू, न त रोटी, न झोला, न खल्तीमा पैसा, तर एउटा लट्ठी मात्र बोक्नू। 9 जुत्ता लाउनू, तर अरू बढ़ी दौरा नबोक्नू।" 10 उहाँले तिनीहरूलाई भन्नुभयो, "जब कुनै घरमा पसौला, जबसम्म त्यस गाउँबाट निस्कँदैनौ तबसम्म त्यहीँ नै बस। 11 यदि कुनै ठाउँमा तिमीहरूको स्वागत भएन भने, र मानिसहरूले तिमीहरूको वचन सुन्न इन्कार गरे भने, त्यस ठाउँबाट तिमीहरू निस्कँदा तिनीहरूका विरुद्धमा गवाहीको लागि आफ्नो पैतालाको धुलो टकटक्याइदिनू।" तब तिनीहरू निस्केर गई मानिसहरूले पश्चात्ताप गरून्भनी प्रचार गरे। .....अनि प्रेरितहरू येशूकहाँ भेला भए, र तिनीहरूले जे-जे गरेका थिए र सिकाएका थिए, ती सबै उहाँलाई बयान गरे। - मर्कूश ६: ७-१२, ३०

http://paul-timothy.net/html/scripture_menu.html - menu

### ८. येशूको तरिका सिकाउनुहोस् Teach Jesus' Methods

तब उहाँले बाह्र चेलाहरूलाई एकसाथ बोलाउनुभयो, र तिनीहरूलाई सबै भूतहरू निकाल्ने र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो। उहाँले तिनीहरूलाई परमेश्वरका राज्यको प्रचार गर्न र बिरामीहरू निको पार्न पठाउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको यात्रामा आफ्नो साथमा केही नलेओ- न लहुरो, न झोली, न रोटी, न पैसा, न त दुई जोर दौरा साथमा होस्। जुन घरमा तिमीहरू पस्छौ त्यहीँ बस, र त्यहीँबाट बिदा होओ। जहाँ तिमीहरूको स्वागत हुँदैन तिमीहरू त्यस सहरबाट निस्कँदा आफ्ना खुट्टाको धुलो तिनीहरूका विरुद्धमा गवाहीको निम्ति टकटक्याइदेओ।" तब तिनीहरू बिदा भए, र सुसमाचार प्रचार गर्दै र सबैतिर रोगीहरूलाई निको पार्दै गाउँ-गाउँ गए। - लुका ९:१-६

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 9. विश्वासयोग्य खेतालाको पहिचान Find Responsive Folks

यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुई-दुई जना गरी पठाउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्। जाओ, हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाका पाठाहरूझैँ पठाउँछु। न त पैसाको थैली, न झोली, न जुत्ता बोक, न बाटोमा कसैलाई अभिवादन गर। "जुन घरमा पस्छौ पहिले भन, 'यस घरलाई शान्ति होस्!' यदि त्यहाँ शान्तिप्रिय मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग रहनेछ, तर रहेनछ भने त्यो शान्ति तिमीहरूकहाँ नै फर्किआउनेछ। तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस। किनभने खेताला आफ्नो ज्यालाको योग्य हुन्छ। घर-घर नपसी हिँड़। - लुका १०:१-७

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 10. अविश्वास योग्य सहरलाई चेतावनी Warn Faithless Towns

"जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु राखिदिएको भोजन खाओ, त्यहाँ भएका रोगीहरूलाई निको पार, र तिनीहरूलाई भन, 'परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ।' तर जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्दैनन्, तब निस्केर त्यस सहरका सड़कहरूमा जाओ, र भन, 'हाम्रा खुट्टामा टाँसिएको तिमीहरूका सहरको धूलोसमेत हामी तिमीहरूका विरुद्धमा टकटक्याउँछौं। तापनि यो जान, कि परमेश्वरको राज्य नजिकै आइपुगेको छ।'- लुका १०:८-११

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 11. फलदायी खेतालाहरूलाई थप शिक्षा Teach More to Fruitful Workers

ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्।" उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको देखें। मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन। तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन्भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन्भनेर नै रमाओ।" लुका १०:१७-२०

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 12. फसलको कटनी Reap a Harvest

येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो। के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्। किनकि 'एक जनाले छर्छ, र अर्कोले कटनी गर्छ,' भन्ने वचन यसैमा सत्य हुन्छ। मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ।" यूहन्ना ४:३४-३८

http://paul-timothy.net/html/scripture_menu.html - menu

## १३. एक अर्कालाई प्रेम Love One Another




"पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्। "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने, तिमीहरू मेरा मित्र हौ। अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु। मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ। म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर। यूहन्ना १५:९-१७

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 14. पवित्रआत्मा पाउनु Receive the Holy Spirit

त्यही दिन, अर्थात्‌हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू अति खुशी भए। तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।"अनि यति भनेर उहाँले तिनीहरूमाथि श्‍वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। यूहन्ना २०:१९-२२

http://paul-timothy.net/html/scripture_menu.html - menu

## १५. येशूको रणनीति अनुसरण Follow Jesus' Strategy

उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप

हुनुभयो। जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। तिनीहरूले भने, “गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।” प्रेरित १:७-११

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 16. सुसमाचार सुनाउनु Tell the Good News



“इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो। तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो। परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो। उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो ।” प्रेरित २:२२-२४

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 17. पश्चातापगर्ने जनहरुलाई बप्तिष्मा Baptize Folks who Repent

पत्रुसले तिनीहरूलाई भने, “पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।” अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, “यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।” तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्राय: तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए। प्रेरित २:३८-४१

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 18. विश्वासीहरुलई आराधना गर्न सिकाउनु Teach Believers to Worship

तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन

जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो। प्रेरित २:४२-४७

[http://paul-timothy.net/html/scripture_menu.html - menu](http://paul-timothy.net/html/scripture_menu.html#menu)

## 19. मानिस होईन परमेश्वरमा आज्ञाकारी हुनु Obey God instead of People

उनीहरूले तिनीहरूलाई ल्याएर महासभाको अगाडि खड़ा गराए, र प्रधान पूजाहारीले तिनीहरूलाई सोधे, 28 “हामीले तिमीहरूलाई यस नाउँमा केही शिक्षा नदिने कड़ा आज्ञा दिएका थियौं, तर तिमीहरूले आफ्ना शिक्षाले सारा यरूशलेम भरिसक्यौ, र त्यस मानिसका रक्तपातको दोष हामीमाथि ल्याउन चाहन्छौ।” तर पत्रुस र प्रेरितहरूले भने, “हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ। हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।” प्रेरित ५:२७-३२

[http://paul-timothy.net/html/scripture_menu.html - menu](http://paul-timothy.net/html/scripture_menu.html#menu)

## 20. मानिहरुको घरमा जानु Enter into Others’ Homes

पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरूको बाटो हेरिरहेका थिए। 25 जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत्गरे। तर पत्रुसले उनलाई यसो भन्दै उठाए, “उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।” तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए। तब पत्रुसले तिनीहरूलाई भने, “अरू जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयो? अब भन्नुहोस्।” प्रेरित १०:२४-२९

## 21. परमेश्वरले तयार पर्नुभएका मानिसहरुकहाँ जानु Go to Folks Whom God has Prepared

तब कर्नेलियसले भने, "चार दिनअघि प्राय: यही समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक पहिरेका एक जना मानिस मेरो सामुन्‍ने खड़ा भए, र भने, 'कर्नेलियस, परमेश्‍वरको सामुन्‍ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई दिएका दानको सम्झना भएको छ। यसकारण योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ । तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।'तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्‍न हामी सबै परमेश्‍वरको सामुन्‍ने यहाँ उपस्थित छौं।" प्रेरित १०:३०-३३

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 22. येशूको पराक्रमबारे मनिसरुलाई बताउनु Tell Folks about Jesus' Power



तब पत्रुसले बोल्‍न थाले, "साँच्‍ची नै म देख्‍तछु, कि परमेश्‍वरले पक्षपात गर्नुहुन्‍न, तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्‍ने ग्रहणयोग्‍य हुन्छ। परमेश्‍वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात्ख्रीष्टद्‌वारा प्रचार गरिएको शान्‍तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) यूहन्‍नाले प्रचार गरेको बप्‍तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, कि परमेश्‍वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्‍तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्‍वर उहाँको साथमा हुनुहुन्थ्यो। प्रेरित १०:३४-३८

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 23. येशूको मृत्यू र पुनरुत्थानको घोषणा Proclaim Jesus' Death and Resurrection

"अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। उहाँलाई नै परमेश्‍वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्‍वरले साक्षीको रूपमा छान्‍नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गर्‍यौं। उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्‍वरद्‌वारा नियुक्‍त हुनुभएको व्यक्‍ति हुनुहुन्छ भन्‍ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। सबै अगमवक्‍ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्‍वास गर्ने प्रत्येकले उहाँको नाउँद्‌वारा पाप-क्षमा पाउँछ।" प्रेरित १०:३९-४३

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 24. नयाँ विश्वासीहरुलाई बप्तिष्मा Baptize New Believers

पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्‍वासीहरू आश्‍चर्यचकित भए। किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्‍वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, "हामीझैँ पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ?" अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीँ रहनुहोस्‌भनी अनुरोध गरे। प्रेरित १०:४४-४८

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 25. एल्डरहरुको नियूक्ति Appoint Elders in New Flocks

तिनीहरूले त्यस सहरमा सुसमाचार प्रचार गरेर धेरै चेलाहरू बनाए, र तिनीहरू लुस्त्रा, आइकोनियन र एन्टिओखियामा फर्के, चेलाहरूका आत्मालाई सुदृढ गराउँदै उनीहरूलाई विश्‍वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्‍वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने। जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्‍वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए। त्यसपछि तिनीहरू पिसिदियाबाट भएर पामफिलियामा आए। प्रेरित १४:२१-२३

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 26. विश्‍वासीहरुलाई बिश्‍वास र आज्ञाकारितामा डोर्याउनु Lead Folks to Believe and Obey

जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्‌वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो। यो सुसमाचार परमेश्‍वरका पुत्रको विषयमा हो, जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो। येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्‍वरका पुत्र ठहरिनुभयो। उहाँका नाउँको खातिर विश्‍वासद्‌वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्‌वारा अनुग्रह र प्रेरितको काम पाएका छौं। तिमीहरू पनि तिनीहरूसँगसँगै येशू ख्रीष्टका हुन बोलाइएका छौ। रोममा भएका तिमीहरू सबै, परमेश्‍वरका प्रियहरू, जो सन्त हुनलाई बोलाइएका छौ: तिमीहरूलाई परमेश्‍वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति। रोमी १:२-७

http://paul-timothy.net/html/scripture_menu.html - menu

### 27. प्रभुभोज Break Bread Together

समझदार मानिसहरूलाई जस्तै गरी म भन्दैछु, मैले भनेका कुरा तिमीहरू आफै विचार गर। जुन आशिष्का कचौराको निम्ति हामी आशिष्‌माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र ? रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं। ....किनकि प्रभुबाट मैले जे पाएँ, सो

तिमीहरूलाई सुम्पिदिएँ, अर्थात्जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो। यो मेरो सम्झनाको निम्ति गर।" त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो। जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर।" किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ। १ कोरिन्थी १०:१५-१७; ११:२३-२६

http://paul-timothy.net/html/scripture_menu.html - menu

## 28. विश्वासयोग्य मानिसहरूलाई अरुलाई सिकाउनु लगाउनु Let Novice Leaders Train Others

यसकारण तिमी, मेरो बालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ। धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ। ख्रीष्ट येशूका असल सिपाहीझैं दु:ख-भोगमा हामीसँग सहभागी होऊ। सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ। प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन। परिश्रम गर्ने किसानले नै बालीको पहिलो हिस्सा पाउनुपर्दछ। म के भन्दछु त्यो विचार गर, किनभने प्रत्येक कुरामा प्रभुले तिमीलाई समझ दिनुहुनेछ। मरेकाहरूबाट जीवित हुनुभएको दाऊद वंशका येशू ख्रीष्टलाई सम्झना गर, मैले प्रचार गरेको सुसमाचार यही हो। त्यही सुसमाचार, जसको निम्ति म कष्ट भोगिरहेछु र अपराधीजस्तै साङ्लामा बाँधिएको छु। तर परमेश्वरको वचन त साङ्लामा बाँधिँदैन। यसकारण चुनिएकाहरूका खातिर म हरेक कुरा सहन्छु, ताकि तिनीहरूले पनि अनन्त महिमासहित ख्रीष्ट येशूमा भएको मुक्ति प्राप्त गर्न सकून्। २ तिमोथी २:१-१०



http://paul-timothy.net/html/scripture_menu.html - menu

## 29. संयोजकहरुलाई एल्डरहरु नियुक्तिको लागि सशक्तिकरण Empower Coordinators to Appoint Elders

यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरू पूरा गर्नू, र हरेक सहरमा एल्डरहरू नियुक्त गर्नू। एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोरा-छोरीहरू विश्वासी होऊन्, र चरित्रहीन र अनाज्ञाकारी नहोऊन्। किनभने परमेश्वरको कारिन्दा

हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ। तिनी हठी वा झट्टै रीस गर्ने, वा मतवाला, वा झगड़ालु वा धनको लोभी हुनुहुँदैन, तर अतिथिसत्कार गर्ने, भलाइ प्रेमी, आफूलाई वशमा राख्ने, ईमानदार, पवित्र र संयमी हुनुपर्दछ। तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा साबित गर्न सकून्। तीतस् १:५-९

http://paul-timothy.net/html/scripture_menu.html - menu

**30. गोठालाहरुलाई नम्रतामा सेवा गर्न सिकाउनु Teach Shepherds to Serve Humbly**

ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ। त्यसै गरी जवान हो, बूढ़ापाकाहरूका अधीनमा बस। एक-अर्काको अधीनमा रहेर तिमीहरू सबैले नम्रताको वस्त्र धारण गर। किनभने, "परमेश्वरले अहङ्कारीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।"यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ। १ पत्रुस ५:१-६

http://paul-timothy.net/html/scripture_menu.html - menu

**31. विश्वसीहरुलाई दुख र सतावट सामना गर्न तयार गर्नु Prepare Believers to Suffer**

तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ। सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ। विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ। सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ। तिमीहरूले केही बेर कष्ट भोगेपछि उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ। 11 उहाँलाई नै पराक्रम र शक्ति सदासर्वदा भइरहोस्। आमेन। १ पत्रुस ५:७-११

http://paul-timothy.net/html/scripture_menu.html - menu

✦✦✦✦✦✦

# परिशिष्ट Appendices

1. “एकअर्कालाई” आज्ञाबारे नयाँ करारको जाँच तालिका !
2. “खरायो” मण्डली र “हात्ती” मण्डली !
3. ब्वाँसाहरुबाट सुरक्षाको लागि जानकारी !
4. येशू- प्रभु र नियन्त्रक, तपाई होईन !
5. आत्मिकी हातहतियारबारे जाँच तालिका !
6. “श्रीमान परम्परा” र उनको प्रतिक्रियाहरु !
7. मण्डली स्थापनाका चार नमूनाहरू !
8. आराधनामा सरलता !
9. नयाँ अगुवाहरुलाई मेन्टरिंगको लागि थप जानकारी !
10. चेलापनको लागि थप जानकारी !
11. कथाहरु र लघु नाटक !
12. लघुनाटकको लागि थप जानकारी !
13. क्षेत्रीय मण्डली स्थपना सहजकर्ता नियुक्तिको लागि थप जानकारी

# ☑ नयाँ करारको जाँच सूची Checklist of New Testament

## "एक-अर्कालाई" आज्ञाहरू

**<u>एक अर्काको सेवाको लागि:</u>**

- ☐ एकले अर्कालाई सिकाओ र अर्ति देऔं: कलस्सी ३:१६
- ☐ एकले अर्कालाई अर्ति देऔं: रोमी १४:१४ ??
- ☐ एकले अर्कालाई अर्ति देऔं: हिब्रु ३:१३
- ☐ एकले अर्काको भलाई गर : १ थिस्सलोनिकी ५:१५
- ☐ एकले अर्काको वास्ता गर: १ कोरिन्थी १२:२५.
- ☐ एकले अर्काको भर उठाओ: गलाती ६:१
- ☐ सत्य बोल, हामी एक अर्काको अंगहरु हौं: एफिसी ४:२५
- ☐ आफ्नो बरदान अनुसार एकले अर्काको सेवा गर: १ पत्रुस ४:१०
- ☐ आफ्नो जीवन एक अर्काको लागि दिनु : १ यहून्ना ३:१६



*के हामीले यी कुराहरु पालना गरेका छौं त ?*

**<u>असल संगतीको उत्साहको लागि:</u>**

- ☐ एकअर्कासंग संगती गर: १ यहून्ना १:७
- ☐ एकले अर्कालाई प्रेम गर: यहून्ना १३:३४-३५; ५:१२,१७; रोमी १२:१०, १ थिस्सलोनिकी ४:९; १ यूहन्ना ३:११,१४,२३; ४:७,११,१२; २ यूहन्ना ५
- ☐ व्यवस्था पुरा गर्नको लागि एकले अर्कालाई प्रेम गर: रोमी १३:८
- ☐ एक अर्काप्रति प्रेम वृद्धि हुदै जाओस् : २ थिस्सलोनिकी १:३
- ☐ एक अर्काप्रति प्रेममा बढ्दै जाओ: १ थिस्सलोनिकी ३:१२
- ☐ एक अर्काप्रति दयालु होओं, सहनशील होओं, एकले अर्कालाई क्षमा गर: एफिसी ३:१३, ४:३२; कलस्सी ३:१३
- ☐ एक अर्काप्रतिको गहिरो प्रेम: १ पत्रुस १:२२
- ☐ एक अर्काप्रति अटुट प्रेम बनाइ राख्नु: १ पत्रुस ४:८

**आत्मिकी एकता कायम राख्न:**

☐ एक अर्काप्रति आदर: रोमी १२:१४

☐ एक अर्कामा सहमत: २ कोरिन्थी १३:११

☐ एक अर्कासंग मिलेर बस्नु: रोमी १२:१५ (रोमी १५:५ हेर्नुहोस्)

☐ एक अर्काको पाऊ धुनु: यूहन्ना १३:१४

☐ पबित्र चुम्मंले एकले अर्कालाई अभिवादन गर्नु (आफ्नो संस्कृतिले अनुमति दिए) रोमी १६:१६, १ कोरिन्थी १६:२०; २ कोरिन्थी १३;१२; १ पत्रुस ५:१४

☐ एक अर्कासंग शान्तिमा बस: मत्ती ९:५०

☐ एकले अर्काको बिरोध नगर: रोमी १४:१३

☐ एकअर्काको बिरुद्धमा नराम्रो नबोल: यकुब ४:११

☐ एकअर्काको बिरुद्धमा गनगन नगर: यकुब ५:९

☐ एकले अर्कालाई सहनु: एफिसी ४:२

☐ एकअर्काको अधिनमा रहनु: एफिसी ५:२१

☐ प्रेम द्वारा एक अर्काको दास बन: गलती ५:१३

☐ एकअर्कामा एकता, सहानुभूति र प्रेम कायम राख: १ पत्रुस १:२२

☐ एकले अर्कासंग व्यवहार गर्दा नम्रताको बस्त्र धारण गर:१ पत्रुस ५:५

**शरीर निर्माणको लागी:**

☐ एकले अर्कालाई उत्साह र निर्माण गर: १ थिस्सलोनिकी ४:१८ र ५:१,११

☐ एकअर्कालाई प्रेम र असल कामको लागि उत्साहित गर्नु: हिब्रु १०:२४

☐ एकसाथ भेला होऔं, एकअर्कालाई प्रोत्साहन गर: हिब्रु १०:२५

☐ एकसाथ आनन्दित होऔं : १ कोरिन्थी १२;२६

☐ भजन, शिक्षा, प्रकाश, अन्य भाषा र उल्था सहित एकसाथ भेला होऔं :१ कोरिन्थी १४:२६

☐ एकअर्कालाई स्वागत गर: रोमी १५:७

☐ एकअर्कालाई अतिथिसत्कार गर : १ पत्रुस ४:९

☐ एकअर्कासंग आफ्ना पाप स्वीकार गर र एकले अर्काको लागि प्रार्थना गर: याकूब ५:१६

☐ एकसाथ दु:ख भोग: १ कोरिन्थी १२:२६

☐ एकसाथ परिश्रम गर : अ कोरिन्थी ३:९; २ कोरिन्थी ६:१

# “खरायो” मण्डलीहरु र “हात्ती” मण्डलीहरू

“Rabbit” Churches and “Elephant” Churches

## तथ्यहरु(FACTS):

- सानो झुण्डले घेरैलाई सहभागी हुने मौका दिन्छ ।
- धेरै समाजिक परिवेशमा सानो झुण्ड बाट ख्रीष्टमा आउन सहज हुन्छ । जहा ईसाईहरुको विरोधी छ, पंजीकृत नभएको मण्डलीहरु खुल्ला भेटधाट गर्दा दुव्यवहार गर्छ ।
- सम्पूर्ण परिवारलाई उनीहरुको घरैमा भेटेर येशुको शिक्षा दिनु सजिलो हुन्छ ।
- बालकहरुले आराधनामा सकृय भाग लिन सक्छ, र यसरी तिनीहरुले थाहा गर्छ कि तिनीहरु पनि मण्डलीको एउटा महत्वपूर्ण अंग हो ।
- मण्डली भवन बनाउन खर्च नगरिएको रुपिया पैसा, मण्डली उत्पादन गर्नलाई पठाउन सक्छौ ।
- सानो मण्डलीहरुले सजिलोसग पुनरुत्पादन गर्छ, कारण ती मण्डलीहरु सगठित भएका हुदैनन्, ती मण्डलीहरुले धेरै महगो समान जोडेका र मण्डली परम्परा हुदैनन् जो छोरी मण्डलीहरुलाई दिन कठिन हुदछ ।
- खरायो मण्डली धेरै चाडो बढछ । साधरणत सानो मण्डलीले धेरै गुणा मानिसहरुलाई ख्रीष्टमा ल्याउन सक्छ जति हाती मण्डलीले ल्याउन सक्छ।

| | |
|---|---|
| <br>१८ बर्षमा वयस्क हुन्छ ।<br>एकपल्टमा एउटै बच्चा<br>बर्षमा ४ पल्ट तयार हुन्छ<br>गर्वघारणको समय २२ महिना<br>परिवार ३ बर्षमा २-३ वटा | <br>४ महिनामा वयस्क हुन्छ ।<br>करिब ७ वटा बच्चा दिन्छ।<br>प्राय समय तयारी हुन्छ।<br>गर्वघारणको समय १ महिना<br>३ बर्षमा २२४ भन्दा बढी सन्तान हुन्छ । |

### प्रयोग

झुण्डलाई त्यसै दुई भाग नगर्नुहोस । सानो झुण्ड हुंदानै नयाँ अगुवाहरुलाई तालिम दिनुहोस । जसरी झुण्ड बढदै जान्छ, एक दुई सिकारु अगुवाहरुलाई जतिजना सदस्यहरु उनीहरु सग जान चाहान्छन् उनीहरुलाई लिएर नयाँ झुण्ड शुरु गर्नुहोस ।

### सझना राख्नुहोस

- एउटा मण्डली खरायो वा हाती हुन सक्छ, यदि यसो हो भने सेल झुण्डलाई बढन र त्यही ठुलो मण्डली भित्र सानो मण्डली हुन दिनुहोस ।

- मण्डलीको आकार जस्तो भएपनि त्यो मण्डली हुन सक्तैन जबसम्म मण्डलीले परमेश्वरले दिनुभएको सेवाकाईलाई पूरा गर्दैन ।
- खरायो मण्डली अगुवा तब एउटा असल शिक्षक हो, जब उसले अरुहरुलाई सेवाकाई गर्न सहायता गर्दछ । सिकाउनु मात्र चाही अगुवाई गर्नु होइन ।

# खरायो ढाँचाको सेललाई थप सुझाव

- सानो झुण्डको बिश्वासीहरुले छलफलमा आनन्द लिऊन् ।
- बिश्वासीहरुलाई प्रभु येशुको आज्ञा पालन गर्न स्वतन्त्र दिनुहोस । अगुवाहरु नयाँ करार र येशुको आज्ञामा केन्द्रित रहुन ।
- झुण्डलाई एउटा संस्थागत ढाचा अनि पाठयक्रमसग शुरु गर्नुहोस ।
- नयाँ सेललाई नयाँ बिश्वासीहरु अनि उनीहरुको भएको सम्बन्ध विच शुरु गर्नुहोस ।
- झुण्डलाई सकेसम्म सानो राख्नुहोस, ताकि सबै सहभागीहरुले तिनीहरुलाई इच्छा लागे बोल्न सकोस ।
- सेललाई वर्तमान बिषयहरुमा केद्रित राख्नुहोस ।
- सानो झुण्ड सदस्यहरुलाई पूरानो पाष्टरहरुको सेवाहरुमा सहभागी हुने अनुमति दिनुहोस । नयाँ बिश्वासीहरुलाई शुरु देखि भाग लिने मौका दिनुहोस ।
- सानो झुण्ड सिकर (खोजि गर्ने)अनि नयाँ बिश्वासीहरुलाई चेला बनाउने माध्यमको रुपमा शुरु गर्नुहोस, सख्यात्मक बृद्धिको लागि मात्र होइन ।
- सानो झुण्ड सहभागीहरु स्वयमसेवक रहून् ।
- सानो झुण्ड गोठालाहरुलाई पूरानो बिश्वासीहरुलाई तिनीहरुले मण्डलीको अगुवाहरुबाट पाएको उपदेश अनुसार मण्डली देहमा बढन सहायता गर्न सगठित गर्नुहोस ।
- स्थानिय अवश्यकता अनुसारको सेवाकाई स्थापना गर्नुहोस ।
- सम्भव भए एकपल्टमा तीनवटा झुण्ड एकैचोटि शुरुगर्नुहोस ।
- तलिम सेमिनार साथै धीरजको प्रशिक्षण पनि सधै दिनुहोस ।
- सरल राख्नुहोस ।
- अनुग्रहको लागि प्रार्थना गर्नुहोस ताँकि सबै सदस्यहरुले अरुको सेवा गरोस ।



# ब्वाँसाहरुबाट बाँच्ने केहि .....युक्तिहरू !

## TIPS for watching out for... wolves!

ब्वाँसाहरु मण्डली भित्रै र बाहिरबाट आउने छन् भनि पावलले सचेत गराए | (प्रेरित २०:२८-३१)

- मण्डली भित्रैबाटको ब्वाँसाहरु भनेको गलत निर्देशित विश्वासी हो |
- मण्डली बाहिरबाटको ब्वाँसाहरु भनेको झुठा शिक्षा सिकाउने अ विश्वासीहरु हुन् |
- ब्वाँसाहरुसंग विचार पुराएर र मजबुतीका साथ व्यवहार गर्नु पर्छ |

### ब्वाँसाहरुलाई कसरी पहिचान गर्ने How to Spot "Wolves"...



- ***तिखो दाँत:*** उनीहरु शुरुमा ज्यादै मायालु र मित्रवत हुन्छन |
- ***तिखा कान :*** उनीहरु एक उत्कृष्ट श्रोता हुन्छन | उनीहरुले बिशेषगरी अगुवाको बिरुद्धमा भेंडाहरूको आलोचना सुन्छन् |
- ***धुर्त पाऊ:*** अगुवाको अनुमति बिना ऊ ढोकाको सट्टा खिड्की बाट चतुराईसंग भित्र पस्दछ |
- ***ठुलो मुख:*** *ऊ* एउटा आकर्षक, देखावटी मुस्कानका साथ तपाई कहाँ आउछन | राजनीति |
- ***बेईमान आँखा:*** ऊ कमजोर र ध्यान नपुगेका भेंडाहरू को मित्र बन्छ |
- ***लापरवाहीले काम गर्ने:*** अतृप्त भोक! ऊ भेंडाहरूलाइ नाश पर्न नपाए पछी मात्र त्यहाँबाट बाहिर निस्किन्छ |

# येशु नियन्त्रणकर्त्ता र प्रभु, तपाईं र म होइन

## Jesus as controller and Lord, not you!



१ पत्रुस ५:१-३

खीष्टको कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी र सङ्गी एल्डरको हैसियतले तिमीहरु मध्येका एल्डरहरुलाई म आग्रह गर्दछु। तिमीहरुको देखरेखमा राखिएको परमेश्वरको बगालको हेरचाह गर। करले होइन तर स्वइच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरुको तिमीहरुको जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर।

## चेलाहरुसंग तपाईको अधिकार साझेदरिताको लागि युक्तिहरु... Tips for SHARING YOUR authority with your disciples...

- नयाँ विश्वसीहरुलाई आफ्नो घरमा संगती झुण्ड भेलागर्न उत्साहित गर्ने ।
- शुरु देखिने नयाँ विश्वासीहरूलाई सहभागी हुन् उत्साहित गर्ने ।
- नयाँ विश्वासीहरुलाई स्थानीय खाँचो अनुसार नयाँ सेवकाई स्थापना गर्न उत्साहित गर्ने
- गल्तिको लागि अनुमति दिनुहोस् ।
- येशू नै प्रभु हुनुहुन्छ भनि सबै कुरा उनीहरुलाई सिकाउनु होस् ।
- नयाँ सेवक सेविकहरुलाई एल्डर बन्नको लागि आशा दिनुहोस् ।
- अनुग्रहको लागि प्रार्थना गर्नुहोस् ताकी तपाइको सेवाकाई अरुलाई सुम्पिनसक्नु भएकोहोस्|
- सबै कुराहरु स्वेच्छिक राख्नुहोस्, बाध्यता नबनाउनुहोस् ।

# ✞ आत्मिकि हात हतियारको जाँच सुचि ✞

**(Checklist of Spiritual Armor)**

प्रत्येक क्षण सम्पूर्ण पेरमेश्वरको हात हतियार धारण गरेर तपाईको चेलाहरुको लागि उमाहरण होऊ। पत्रुसले यसो भन्छ, “तर खीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रदा गर” (१ पत्रुस ३:१५)।

- सत्यताको पेटि लगाउनु । येशु हाम्रो बाटो, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना १४:६)
- “बुलेट छल्ने भेस्ट हुनु” हाम्रो धार्मिकताको छातिपाता । येशु हाम्रो धार्मिकताको छातिपाता हुनुहुन्छ । तर खीष्ट तपाईसंग छ भने तपाईको शरीर पापको कारण मरेको छ । तरैपनि धार्मिकताको कारण तपाईको आत्मा भने जिवित छ (रोमी ८:१०)
- शान्तिलाई हाम्रो जुत्ता जस्तो लगाएर सबै ठाँउ अरुहरु कहाँ शान्तिको सुसमचार बोकेर जानु, येशु स्वयम “हाम्रो शान्ति हुनुहुन्छ”(एफिसी २:१४)।
- बिश्वासको ढाल उठाउनु, जसले शैतानको सबै अग्निवाणहरु निभाउदछ । ”तेरो ढाल म नै हुँ, तेरो इनाम अत्यन्त ठूलो हुनेछ”( उत्पत्ति ३:१५) ।
- मुत्तिको टोप लगाएर हाम्रो शिरको सुरक्षा गर्नु, जसले हामीलाई अनन्तसम्म रक्षा गर्छ। येशु हाम्रो मुत्ति हुनुहुन्छ । ”यसैकारण परमेश्वरको नजीक आउनेहरुलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरुका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उँहा सदैव जीवित रहनुहुन्छ”(हिब्रु ७:२५)।
- आत्माको तरवार उठाउनु, जो परमेश्वरको वचन हो ।
- ह्मम्रो मुख्य सेनाध्यक्षसंग निरन्तर संचार बनाई राख्नु,सतर्क प्रार्थना र अन्तरबिन्तिमा ।भजनकारले यसो भन्छ, मेरो मित्रताको साटो तिनीहरु मलाई दोष दिन्छन्, तर म त प्रार्थना गर्ने मानिस हुँ (भजन १०९:४)।






*परम्परागत महाशय !!* **Mr**

# Tradition!!

१ नयाँ मण्डली शुरुगर्नु भन्दा अघि आमा भइरहेको मण्डली मजबुत र बलियो हुनु पर्छ
२ नयाँ मण्डलीले हाम्रो चर्च सम्प्रदायको पहिचान र नीति नियम पालन गर्नु पर्छ अन्यथा मण्डली मेरो नियन्त्रण बाहिर जान्छ ।
३ नयाँ झुन्डको आफ्नै संगति गर्ने स्थान वा भवन हुनु पर्छ, दशांश दिनु पर्छ र तौर तरिका प्च्याउनु पर्छ
४ पढेका र तालिम प्राप्त अगुवा र पास्टरले  मात्र धार्मिक बिही संचालन गर्नु पर्छ अन्यथा बप्स्तिष्म र प्रभु भोज वैध हुदैन ।
५ सबै कुरा शालीनता र क्रमबद्ध तरिकाले गरिनु जरूरी छ। अन्यथा तालिम नपाएका व्यक्तिहरुले समस्या ल्याउन सक्छन ।
६ मण्डलीका सबै अगुवाहरुले चर्च सम्प्रदायको मूख्य निकायले ले तोकेको उच्च योग्यता प्राप्त गरेको हुनुपर्छ । यसको लागि सेवकहरु अभिषिक्त, पूर्ण कालिन, र तलबी हुनु जरुरि हुन्छ ।
७ हरेक विश्वासीहरुले तालिम प्राप्त प्रचारकको सहि प्रचार सुन्न मण्डलीमा जम्मा हुनु पर्छ ।
८ हामीले बाइबल स्कूल र सेमिनारीहरु स्थपना गर्नु पर्छ जहाँ भविष्यका असल अगुवाहरुलाई व्यवस्थित प्रकारले उत्पादन गर्न सक्छौं ।
९ हरेक नयाँ मण्डलीले हाम्रो चर्च सम्प्रदायको पहिचान र नीति नियम पालन गर्नु पर्छ अन्यथा मण्डली नियन्त्रण बाहिर जान्छ ।



## *परम्परागत महाशयप्रति परिक्रियाहरु !!*

१. युवा उत्साह ! नयाँ मण्डलीले नै अरु नयाँ मन्दलिहरु जन्माउछ (ईपाफ्रस)

२. नयाँ झुन्डले प्रथम येशूमा आज्ञाकारी हुन स्वतन्त्रता पाउनुपर्छ र दोस्रो पाष्टरहरुप्रति (ख्रिष्ट र यहूदी)



३. नयाँ झुण्डले विश्वास नगरी सकेका तर येशूलाई खोजि गर्नेहरुको घरमा जान पाउनुपर्छ । गैर ईसाईहरुलाई एकै पटक मण्डली सेवामा लैजानु हुदैन । (पत्रुस र कर्निलियस)

४. शुरुका मण्डलीले नयाँ विश्वसिहरुलाई ढिलो नगरी तुरुन्तै बप्तिष्मा दिए

५. हजुर, हाम्रो परमेश्वर व्यवस्थित परमेश्वर हुनुहुन्छ, तर आत्माले डोर्याए अनुसार स्वतन्त्रता दिनु हुन्छ (१ कोरिन्थी १४:२४-२६) । "यो स्वतन्त्रताको लागि ख्रीष्टले हामीलाई स्वतन्त्र पर्नु भएको छ ।"

६. बाईबलीय योग्यता – हजुर! मानिसले बनाएका योग्यताहरु गौण हुन् (तिमोथी)



७. प्रचार – हजुर. तर वाचन पालन गर्ने लक्ष्य बनाउनु होस्. (तिमोथी)

८. कम औपचारिकता बिनानै द्रुत मण्डली बृद्घि । नयाँ झुण्डले नयाँ मण्डलीमा नेतृत्वको खाँचोको लागि पष्टरीय तालिम लिन स्वतन्त्रता पाउनु पर्छ । (तीतस)

९. अनुमति – हजुर, तर स-साना कुराहरुमा पनि नियन्त्रण चाँही होईन ।  (तीतस)

# मण्डली स्थापनाका ४ नमूनाहरु

## 4 CHURCH PLANTING MODELS

### १.एन्टिओख नमुना

एउटा पठाउने मण्डलीले, एउटा सानो झुण्डलाई टाढो ठाँउमा पठाउछ (प्रेरित १३-१४) । त्यो यात्री समूह प्रत्येक क्षेत्रमा सानो सानो समूह शुरु गर्दै एक देखि अर्को क्षेत्र गए ।

- तिनीहरु एक ठाँउमा अगुवा तयार पारुन्जेल बसे वा बेला बेलामा छोटो समयको लागी त्यही काम गर्नलाई त्यहाँ गए।
- झुण्ड मण्डली अगुवाई गर्नको लागि बसेनन् । तर तिनीहरु अरु उपेक्षि ठाँउहरुमा गए वा तिनीहरुलाई पठाउने मण्डलीमा फर्के।

### २. जोपा नमुना

- आमा मण्डलीले छोटो अवधि झुण्डलाई मण्डली स्थापना गर्न सहायकहरु पत्रुससंग नजिकै पठाए ।
- एन्टिओख झुण्ड जस्तै, कामदारहरु मण्डली अगुवाई गर्न बसेनन, तिनीहरु आफनो मण्डलीमा फर्के ।

### ३. व्यवपारी नमुना

अक्विला र प्रिस्किलाले उपेक्षित क्षेत्रमाहरुमा मण्डली स्थापना गर्न सानो व्यपारलाई प्रयोग गरे। क्षेत्रबाट अर्को गए ।

- बाइबलले भन्छ तिनीहरुले रोम,कोरिन्थ र एफिससमा मण्डली स्थापना गरे ।
- तिनीहरुले आफनो मण्डली सधैको लागि छोडे, शहर शहर गएर घरेलु मण्डलीहरु स्थापना गरे ।



### ४. पश्चिमी शहरीय नमुना

एउटा ठूलो झुण्ड आमा मण्डलीलाई छाडेर नजिकै एउटै संस्कृति माझ छोरी मण्डली खडा गर्छ, तलबी निपुण अगुवाहरु हुन्छ ।

- एउटा धेरै संख्या भएको मण्डलीले शुरुदेखि तलबी पाष्टर राख्न सक्ने क्षमता भएको झुण्डलाई आमा मण्डली आराधनाको ढाँचा कायम राख्ने अर्को मण्डली स्थापना गर्न पठाउन सक्छ ।

# आराधनामा सरलता

(SIMPLICITY with WORSHIP)

"केोही निर्बुद्धि आराधना अगुवाहरु सुगा जस्तो धमण्डले हिडछ, आराधनालाई अन्योलमा पार्छ अभिनय र मनोरञ्जन संग ।"

"साचो आराधकहरु महा पवित्र परमेश्वरको उपस्तिथिमा प्रवेश गछ ।"



- ✓ आराधनामा अगावै असल योजना समावेश हुन्छ ।
- ✓ आराधनामा शिक्षा समावेश हन्छ ।
- ✓ बुद्धिमानि आराधना अगुवाले दर्शकहरुलाई मनोरञ्जन दिने कोशिस गर्दैन ।
- ✓ घरेलु मण्डलीहरुको लागि शुरु र अन्त हुने समय बताउनुहोस। यसो गर्दा घरकाहरुलाई व्यत्तिगत कामहरु गर्न सहायता पुग्छ ।

## ☑ आराधनाको लागि महत्वपूर्ण तत्वहरुको जाँचसुचि
Checklist for Essential Elements of Worship

- ○ प्रशंसामा गाउन सकिन्छ, पढने, नरोकि बोल्ने, नाच्ने, धेरै प्रकारको शारिरिक हावभावले प्रगट गर्न सकिन्छ।
- ○ प्रार्थना जसलाई धेरै बाहिरी तरिकाले प्रगट गर्न सकिन्छ ।
- ○ बाइबल, प्रचार, पठन, छलफल र नाटकीय ढंगमा प्रस्तुत आदि ।
- ○ रुपियाँ पैसा दिनु, समय, भोजन आदि ।
- ○ पापको स्वीकार, क्षमादानको निश्चयता ।
- ○ प्रभुभोज ।
- ○ विश्वासीहरुसंग जिउँदो संगती

# नयाँ अगुवाहरुलाई परामर्श गर्नको लागि केहि सुझावहरु

Tips for Mentoring New Leaders

- प्रिस्कीला र अक्विलाले एपोल्लसलाई गरे जस्तै नयाँ अगुवाहरुलाई "पर्दा पछाडी" तालिम दिनुहोस् (प्रेरित १८:२४-२८) | कति वटा नयाँ ठाउँमा नयाँ अगुवाहरुले सेवक अगुवाहरुबाट परामर्श पाउदैनन, यधपी मण्डली र मिशनरीहरुले उनीहरुलाई बाइबल स्कुलमा पठाउछन् |
- रिले दौड जस्तै, आफ्नो सेवाकाईको अधिकार, संदेश र जिम्मेवारी अरुमा हस्तान्तरण गर्नुहोस जसरी प्रेरित पावलले गरे |(लठ्ठी हलुको राख्नुहोस् | प्रभुको काम सजिलै अरुलाई हस्तान्तरण गर्न सकियोस) | कसरि हामी "वचन सुन्ने मात्रै होईन तर पालन गर्नेहरु हुन् सक्छौं" भनि आफ्न चेलाहरुलाई देखाउनु होस् |
- प्रशिक्षार्थीलाई मात्र होईन तर झुण्डलाई पनि ध्यान दिनुहोस् |
- *नमूना – ताकी प्रशिक्षार्थीहरुले नक्कल गर्न सकून |*
- प्रशिक्षार्थीको जीवन र परिवारमा शिक्षाको परिणाम अनुसार मूल्यांकन गर्नु होस् नकी लिखित जाँचद्‌वारा |

**सामान्य त्रुटीहरु**

- समयमै आफ्नो अधिकारको लठ्ठी अरुलाई दिन असमर्थ हुनु- लामो समयसम्म नियन्त्रण आफ्नो हातमा राख्नु |
- महंगा र आधुनिक सामाग्रीहरु प्रयोगगर्नु |
- बाह्‍य आर्थिक सहयोगमा भर परेमा विश्वासीहरुको परमेश्वेर प्रति भरोसा कम हुँदै जान्छ |
- त्यस्ता शैक्षिक र आराधनाका पद्दतीहरु जस्को लागि विशेष शीपको आवश्यकता हुन्छ जो देश भित्र प्राप्त गर्न सकिदैन

# चेलापनको लागि उपयोगी यूक्तिहरु Tips for MAKING DISCIPLES

**ठिक वा बेठिक:**

चेला बनाउनको लागि केवल प्रमुख ईश्वर शास्त्रीय बिषयमामा विस्तृत रुपमा सिकाउनु पर्छ | ठिक ? (     ) वा बेठिक? (     )

येशूले भन्नुभयो कि चेला बनाउनको लागि सबै कुराहरु भन्दा माथि उहाँको आज्ञा पालन गर्नुपर्छ | ठिक ? (     ) वा बेठिक? (     )

### चेला बनाउनु के होईन ..... What disciple-making is not...

- साधारणतया एक ले एकलाई मात्र चेला बनाउनु चेलापन होईन| यो गर्न सकिन्छ, तर जसरि येशुले जस्तै १२ जना, कहिँ ३ जना र बिरलै मात्र एक जनालाई चेलापन गर्नुभयो हामीले पनि त्यस्तै गर्न सकछौं |
- नयाँ विश्वासीलाई केवल उनीहरुको आत्मिक जीवनमा सहायतागर्नु मात्र चेलापन होईन, नत बाइबलको शिद्बान्तहरु सिकाउनु हो | येशू र प्रेरितहरुले नयाँ विश्वासीहरुलाई परमेश्वरको राज्यको शिक्षा दिंदै, जीवन र शीपहरु प्रदर्शन गर्दै एउटा मजबुत अगुवा बनाए |

### चेला बनाउनु के हो ... What disciple-making is...

- नयाँ करारको चेलापनले असल सम्बन्ध बनाई राख्छ |
- नयाँ करारको चेलापनले सबै भन्दा माथि प्रभुमा आज्ञाकारी हुन् सिकाउँछ |

# सिकाउन कथा र लघु नाटकको प्रयोग !! Use stories & skits to teach !!

- सबैलाई प्रभावित पर्ने खालका कथा सुनाउनुहोस् |
- पढेर, घोंकेर, भजनद्वारा, र अभिनयद्वारा ऐतिहासिक बाइबलीय कथालाई प्रदर्शन गर्नुहोस् |



- मानिसहरुले लामो समय सम्म कथा याद गर्छन भनि जान्नुहोस् | अभिनयहरु को चित्र मष्तिष्कको श्रव्य-दृष्य भण्डारमा प्रवेश गर्छ |
- स्थानीय कला, संकेत, नाटक, र लोक भजनहरु प्रयोग गर्नुहोस |
- नयाँ मण्डली स्थापकहरूलाई कोठामा लेक्चर मात्र नदिनुहोस् | व्याख्या मात्र गरेर सिकाउने होईन तर त्यसलाई प्रदर्शन गरि देखाउनु होस् |

## बाइबलीय कथाहरु र नाटकको उदाहरणहरु Examples of Bible stories for skits:

- जल प्रलय (उत्पत्ति ६-९)|
- ईमान्दार ईस्रायलीहरु कसरी मुर्तिपुजा तिर लागे ( प्रस्थान ३२)|
- कार्मेल डाँडामा एलिया र बाल देवताका अगमवक्ताहरु बिचको भिन्नता (१ राजा १८) |
- सुनको बाच्छा पुज्नेहरुलाई परमप्रभुले दण्ड दिनु भएको (प्रस्थान ३२-३३)|
- मिश्रको दश बिपत्ति र उहाँका जनहरुलाई पार गर्न परम प्रभुले लाल समुन्द्रलाई दुई भाग गर्नु भएको (प्रस्थान १-१५) |
- अडानको बगैचामा आदम र हव्वा (उत्पत्ति ३) किन र हावील (उत्पत्ति ४)|
- निस्तार चाडको पाठो (प्रस्थान ११-१३) |
- रगत नलिइकन उहाँको उपस्थितिमा प्रवेशगर्ने नाबाद र अबिहूलाई परमेश्वेर्ले नष्ट गर्नुभएको (लेवी ११)|
- क्रुशमा येशूको बलिदान (मत्ती २६-२७; लुका २२)
- येशूले परमेश्वरको पुत्र भनि दावी गर्नुभयो र परमेश्वरले उहाँलाई मरेकोबाट जीवित पार्नुभयो (मर्कूस १४-१६)
- पिताले बप्तिष्माको समयमा येशूलाई पुत्र भनि सम्बोधन गर्नुभयो (मत्ती ३) |
- परिक्षा र क्रुशको मृत्यूमा दु:खभोग्नु (मर्कूस १५-१६; लुका २२-२४; यूहन्ना १८-२०)
- पश्चाताप गर्ने हरेकले पाप मोचन पाउनेछन भनी बप्तिष्मा दिने यहून्नाले घोषणा गरे (मत्ती ३)

- येशूले धेरै पापीहरुलाई क्षमा दिनुभयो तर फरिसिहरुलाई चेतावनी दिनुभयो जसले असल काम विना स्वर्गमा प्रवेश पाईदैन भनि विश्वास गर्थे ( मत्ती ९ र २१:२८-४५ ) |

- येशुले पक्षघात भएको एकजनालाई क्षमा गर्नुभयो जो आफै उहाँकहाँ आउन कोशिस गरेको थिएन(मत्ती २)|

- सुसमाचार सुन्नु अघिनै पावलले जेलर र उनको घरानालाई येशूमा मुक्तिको प्रतिज्ञागरे (प्रेरित १६:३१)|

- स्वर्ग दुतहरुले गोठालाहरुलाई येशूको जन्मको बारेमा बताए (लुका २)|

## लघुनाटकको लागि केहि सुझावहरु Tips for Role plays



- लघु नाटक छोटो, संक्षिप्त, र सटिक हुनु पर्छ ।
- बाइबलको मुख्य कथामात्र अभिनय गर्नुहोस्, अरु केहि नथप्नुहोस् ।
- पुरै कथा याद गर्नु पर्दैन, मूख्य विचार समेटे मात्र पुग्छ ।
- नाटकलाई लामो नबनाउनु होस् ।
- नाटकमा सकभर हरेक सहभागीहरुले भाग लिले मौका पाउन सकून|
- प्राय: यस्तो  गर्नुहोस् किनकि हामीले सुनेर, देखेर, अभिनय गरेर, व्यवहारिक अभ्यास गरेर सिक्द्छौं ।



- प्रस्तुतीलाई सरल बनाउनुहोस्
- जो कोहिले सहभागी हुन् सक्छन- केटाकेटी, वयस्क, महिला आदि ।

रमाईलो गर्नुहोस् ! सहभागीहरुले जे "देख्छन" र "अनुभव गर्छन" त्यो पुल्पीटबाट सुनेको भन्दा बढी याद गर्दछन ।

## क्षेत्रीय संयोजक नियूक्तिको लागि केहि थप जानकारीहरु

## TIPS for appointing regional church planting facilitators

✠ प्रश्न: "**संयोजक तितस को काम के थियो जहाँ थुप्रै शिशु मण्डलीहरू थिए ?**

✠ उत्तर: हरेक शहरमा एल्डरहरु नियूक्ति गर्न पावलले तितस लाई तालिम दिएका थिए

✠ व्यवहारिक जानकारीहरु **PRACTICAL TIPS:**

- यी एल्डर गोठालाहरुलाई तालिम दिनु तित्सको काम थियो | तितसको बाँकि पत्रमा यो काम कसरी गर्ने भनि निर्देशन दिईएको छ |
- मण्डलीमा अझै कुन सेवाकाई अपुग छ भनि पहिचान गर्नु र त्यसलाई सम्बोधन गर्नु उनको काम थियो | यो कुराको पहिचान गर्न मण्डलीका अगुवाहरुलाइ सुन्नु आवश्यक थियो जसलाई उनले सुसज्जित गर्दै थिए, सेवकाईक दुवै सबल र दुर्बाल पक्षहरु |
- यसले नयाँ मण्डलीका अगुवाहरुलाई कुन कुरा सिकाउन र परामर्श जरुरी छ भनि छनौट गर्नको लागि नयाँ करार अनुसार एउटा सुची तयार गर्न मद्दत गर्छ |

✠ क्षेत्रीय संयोजकको कम कर्तव्य स्मरण रहोस :

- पिछडिएको क्षेत्र र स्थानहरुमा शृखला बद्द पाष्टरीय तालिम र गोष्ठी राख्नु
- नयाँ अगुवा निमार्ण गर्न सक्ने अगुवाहरुलाई सुसज्जित गर्नु
- अगुवाहरुलाई परामर्श गर्न आवश्यक शीपहरुको नमूना प्रदान गर्नु |
- नयाँ अगुवाहरु निर्माणको लागि शैक्षिक सामग्रीहरु प्रदान गर्नु जसले मण्डलीहरुको गुणनात्मक वृद्धि होस् |
- नयाँ अगुवाहरुलाई थप नयाँ अगुवाहरु निर्माण र परामर्श गर्न सहयोग गर्दै मण्डलीको गुणनात्मक वृद्धि जारी राख्नुहोस्
- कसले कसलाई, कहाँ, परामर्श गर्दै छ र यसको परिणाम के भयो सोको अभिलेख राख्नुहोस् | एउटा क्षेत्रीय ठुलो नक्शामा ती अगुवाहरुको नाम लेखेर टाँसेमा ज्यादै उपयोगी हुन्छ |

> बन्च्नुहोस:
>
> १) संचार विहिन हुनबाट
> २) उद्देश्य विहिन हुनबाट
> ३) ढिलो/अबेर हुनबाट
> ४) धेरै काम गर्न खोज्नु बाट
> ५) अनावश्यक नीति नियम

- सुसमाचार सुन्न बाँकी पिछडिएका मानिस वा जातिहरु, तालिमका अवशर, नयाँ झुण्डहरु आदिको बारेमा जानकारी हरु जम्मा गर्नुहोस् | यी जानकारीहरु उनीहरुको लागि १) प्रार्थना गर्न, २) योजना गर्न, ३) अरुहरुलाई जानकारी दिन ताकी उनीहरुले पनि प्रार्थना गरून |
- सुसमाचार सुन्न बाँकी रहेक मानिस, जाति, र क्षेत्रहरुमा सुसमाचारको लागि योजना बनाउनु होस् |
- अविरल परामर्श दिन नसकेमा तालिमको लागि नेटवर्कहरुको पहिचान गर्नुहोस्
- थप ती संयोजकहरुको नाम स्मरण राख्नु होस् जो ....
  - परामर्शद्वारा पाष्टरीय तालिमको लागि उत्सुक र सक्षम छन |
  - तिनीहरु जो धेरै सेवाकईहरुमा सम्मिलित छैनन जसले उनीहरुलाई विमूख गर्न सक्छ |
  - लामो समय/बर्ष सम्म यो गर्न सक्ने खालको तर अस्थायी पद वा सहभागिता होईन |

# क्षेत्रीय संयोजकहरुको लागि थप जानकारीहरु

- ☐ तपाईको क्षेत्रमा कुन स्थानहरुमा कुन मानिस र जातिहरु उपेक्षित छन् जसले सुसमाचार सुन्न पाएका छैनन छानबिन गर्नुहोस्, र ति क्षेत्रहरुमा प्रशिक्षार्थीहरुलाई पठाउन योजना गर्नुहोस |
- ☐ नयाँ मण्डली अगुवाहरुलाई परामर्श गर्नुहोस |
- ☐ अरुलाई पनि नयाँ प्रशिक्षार्थीहरुको पहिचान र परामर्श गर्न सहयोग गर्नुहोस् |
- ☐ अरुहरुलाई पनि संयोजक बन्न र तपाईले गरे जस्तै काम गर्न तालिम दिनुहोस्
- ☐ नयाँ मण्डलीहरुमा नयाँ करारको जस्तै बिभिन्न सेवाकाईहरु गर्न उत्साह दिनुहोस् |
- ☐ तालिम सामाग्रीहरु प्रदान गर्नुहोस् |
- ☐ सेमिनार को आयोजना गर्नु होस्, तर उनीहरुमा पूर्ण भर नपर्नु होस्
- ☐ ईमान्दारीसंग प्राप्त परिणामको सही मूल्यांकन गर्नुहोस् |

✦✦✦✦✦✦

## ✎ अतिरिक्त टिप्पणी Additional Notes

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
________________________

## ✐ अतिरिक्त टिप्पणी Additional Notes

# लेखकको बारेमा About the authors

***गेलन कुर्र***, डी.मिस्., जसले **www.startachurchnow.com** शुरु गर्नुभयो, प्रशिक्षक र परामर्शदाताको रुपमा धेरै देशहरुका फिल्ड सेवक सेविकहरुलाई सेवा पुर्याउनुभयो | मण्डली स्थापना अभियानको लागि उहाँ एउटा साँचो "पर्दा पछाडीको दिमाख" हुनु हुन्छ | सेवानिवृत्त भए तापनि ***गेलन*** तालिमको लागि विश्वभरी घुम्नुहुन्छ | मण्डली स्थापना कर्ताहरुको लागि जो येशूले चेला बनाउन दिएको आदेश पुरा गर्न सम्बेदनशील छन, उनीहरुलाई थप सुझाव र सहयोगको लागि उहाँ एउटा इमेलको संदेश पर मात्र हुनुहुन्छ | सम्पर्कको लागि**:** **galencurrah@paul-timothy.net**

*प्याट्रिक ओं कनर*, डी.मिस., र उहाको श्रीमती *देबी* ले पश्चिम होन्डुरसमा एउटा जीवन्त ग्रामिण मण्डली स्थापना अभियानको थालनी गर्नुभयो जहाँ उहाँहरुले १९९३ देखि २००९ सम्म सेवाकाई गर्नुभयो | भारतको बिहारमा हुर्केका *प्याट्रिक* अहिले एक्सन इन्टरनेशनल आबद्ध भई एसिया तिर फर्किएका छन | उहाँले अन्य २० भन्दा बढी देशहरुमा तालिम दिनु भएको छ | यधपी उहाँहरु अमेरिकाको सियाटलमा रहदै आए तापनि, तालिमको लागि धेरै यात्रा गर्नु हुन्छ | सम्पर्कको लागि: **scn.patrick@gmail.com**